**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन १९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 02 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८३

## प्रहरी र कर्मचारी समायोजन भएपछि मधेसमा भ्रष्टाचार हुँदैन -मुख्यमन्त्री यादव

प्रस, वीरगंज, १८ फागुन/

मुख्यमन्त्री सरोजकुमार यादवले सङ्घ सरकारले प्रहरी र निजामती कर्मचारी समायोजन गरेको खण्डमा प्रदेशमा यो तहबाट हुने भ्रष्टाचार निर्मूल गर्ने दाबी गरेका छन्।

वीरगंजमा शुक्रवार न्युज २४ ले आयोजना गरेको मुख्यमन्त्रीसँग सीधा कुरा टेलिभिजन कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले सङ्घ सरकार अन्तर्गतका कार्यालयहरूमा बढी भ्रष्टाचार भएको र प्रदेश संरक्षित सरकारमा कम भ्रष्टाचार भएको दाबी गरे। उनले पर्सा, बाराभन्दा पोखरा महानगर धेरै कुरामा अगाडि भए पनि त्यहाँ प्रहरी प्रमुख र प्रशासन प्रमुख जान नचाहने तर पर्सा, बारामा आउन चाहनुको कारण भ्रष्टाचार नै भएको आरोप लगाए। कमाउने ठाउँ भएकोले उनीहरूको रोजाइ पर्सा, बारा हुने गरेको उनको भनाइ थियो।

उनले सङ्घ केन्द्रित कर्मचारीहरूले मुख्यमन्त्रीलाई सूचनाबाट समेत वञ्चित गर्दै आएको बताए। पर्सा र रौतहटमा कर्फ्यू लाग्यो तर त्यसको खबर पत्रिकामार्फत थाहा पाउनुपरेको कुरा राख्दै उनले प्रमुख जिल्ला अधिकारीले आफूलाई सूचितसमेत गर्ने दायित्व नबुझेको बताए। मुख्यमन्त्री यादवले नगरपालिकासँग रहेको अधिकारभन्दा पनि प्रदेशसँग अधिकार नभएको भन्दै प्रदेश सरकार मातहतका मन्त्रालयमा रहेका कर्मचारीहरू आफूखुशी बिदामा बस्ने र त्यसको खबर मुख्यमन्त्रीलाई पनि नहुने बताए। यी सबै कुराको लागि



तस्वीरः प्रतीक

प्रहरी र निजामती कर्मचारी प्रदेश मातहत समायोजन भएको खण्डमा उनले एक रुपियाँ पनि भ्रष्टाचार हुन नदिने दाबी गरे।

उनले सरकारले काठमाडौं महानगरभन्दा पनि प्रदेशलाई कम बजेट प्रदान गरेको आरोप पनि लगाए। उनले सङ्घ सरकारले मधेस प्रदेशलाई १३ अर्ब र कर्णाली प्रदेशलाई १८ अर्ब दिंदै आएकोमा दुःखेसो व्यक्त गरे।

उनले मधेस शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनमा पछाडि परेको र यसको उत्थानको लागि वर्तमान सरकारले काम गर्दै आएको दाबी गरे। उनले यस अघिको चर्चित बेटी पढाऊ बेटी बचाऊ कार्यक्रमलाई आगामी वर्षदेखि निरन्तरता दिने बताए। अख्तियारमा विचाराधीन रहेको यो मुद्दाको किनारा लागेको र आगामी वर्षदेखि यो कार्यक्रम अन्तर्गत कक्षा ८ मा अध्ययनरत छात्राहरूलाई साइकल वितरण गरिने घोषणा गरे।

उनले कृषिकर्ममा लागेका किसानहरूलाई सहयोग पुग्नेगरी राजविराजमा कृषि विश्वविद्यालय स्थापना गरिएको र त्यसको शाखा विस्तार गरिने बताए। सिम्रौनगढमा पहिलो चरणमा ११५ बिघामा कृषि अनुसन्धान केन्द्र विज्ञहरूबाट सञ्चालन गर्ने र त्यसको तयारी भइरहेको बताए। प्रदेशमा पर्यटन व्यवसाय फस्टाउनको लागि उनले काम अगाडि बढाएको र आगामी दिनमा सबैभन्दा बढी भारतीय पर्यटक मधेस प्रदेशमा भित्र्याउने दाबी गरे।

मुख्यमन्त्री यादवले अहिले नेपालको मुख्य पर्यटक भनेको भारतीय हुन् र उनीहरूलाई नै भारु सयको २५ हजार भन्दा बढी लिएर आउन नपाउने प्रावधान राखिएकोले समस्या भइरहेको बताए। अन्य विदेशी पर्यटकहरू पाँचतारे होटलमा पाउरोटी र बियर खाएर खर्च कम गर्ने तर भारतीयहरू नेपालको विभिन्न स्थानमा बढी खर्च गर्ने उनको बुझाइ थियो।

मुख्यमन्त्री यादवले मधेस प्रदेशमा सबैभन्दा बढी चिकित्सक भएको, सबैभन्दा बढी रोगी रहेको र यहींबाट सबैभन्दा बढी बिरामी बाहिर रेफर हुने गरेको बताउँदै आगामी दिनमा यो अवस्था नरहने दाबी गरे। उनले सबै जिल्लामा सय शय्याको अस्पताल निर्माण गरी सुविधासम्पन्न बनाउने र बिरामीहरू रेफर हुने अवस्था निराकरण गरिने बताए। मुख्यमन्त्री यादवले बजेट काटेर पनि शिक्षा, कृषि, स्वास्थ्य र पर्यटन क्षेत्रको विकासमा खर्च गर्ने बताए। उनले मधेस प्रदेशमा मात्र लोकसेवामा ५० प्रतिशत महिला अनिवार्य गरिएको र यो संसारकै उदाहरणीय भएको बताए।


उनले यस अघिका मुख्यमन्त्रीविरुद्ध पोखरी सौन्दर्यकरणको मुद्दा अख्तियारमा चलिरहेको तर मुख्यमन्त्रीको कार्यालयमा कुनै पनि फाइल नगएको बताए। उनले भने, सबै फाइल गायब गरिएका छन्। यसको समिति बनाएर खोजीनीति गरिने र राम्रा ठहर भएका योजनालाई प्राथमिकतामा राखेर अगाडि बढाउने बताए। मुख्यमन्त्री यादवले धार्मिक सद्भाव बिथोल्नेविरुद्ध कुनै पनि अवस्थामा सम्झौता नगरिने बताए। पर्साका उद्योगका समस्या सम्बन्धमा उद्योगपति, व्यापारीहरूसँग जुनसुकै बेला छलफल गर्न आफू तयार भएको र यसलाई अगाडि बढाएर बेरोजगार समस्या समाधान गर्नेतर्फ आफ्नो पहल हुने बताए।

कार्यक्रमका समालोचक विनोद गुप्ताले सरकार आयातमुखी भएको र उत्पादन बढाउनेतर्फ चासो नराखेको आरोप लगाए। उनले आयात ८५ प्रतिशत बढेको, कृषिमा सरकारको १.६ प्रतिशत लगानी मात्र रहेकोले अन्नको भण्डार भनिने तराईलगायत क्षेत्रमा किसानहरूको समस्या ज्यूँका त्यूँ भएको बताए। उनले ३४ प्रतिशत जमीन सिंचाइबाट वञ्चित भएको, देशभर सात लाख मेट्रिक टन मल आवश्यक भएकोमा चार लाख आयात गरेर सरकारले किसानलाई भारतीय एसएसबीबाट डन्डा खुवाएर मल ल्याउन बाध्य बनाएको बताए।

उनले मरिन डाइभर्सन पर्सामा नआउने बताउँदै त्यसलाई पर्सासम्म ल्याएको खण्डमा यहाँ देखिएको पानीको समस्यालगायत कृषि कार्यमा बल पुग्ने बताए। उद्योगहरूको अवस्था जर्जर रहेको, क्षमता अनुसार उत्पादन हुन नसकेको, समग्रमा ४१ प्रतिशत उत्पादन भएको र सो अनुरूप मजदूरहरूले पनि तलब नपाउँदा उनीहरूमा निराशा छाएको भन्दै यी समग्र कुराको सम्बोधन सरकारले गर्नुपर्ने बताए।

कार्यक्रममा जसपाल सिंह, डा नन्दन यादव, सुबोध गुप्ता, अनिल पटवारी, बाबुजान अली, मणीन्द्र नेपाली, राकेश यादव, सूर्यनारायण विक, रम्भा मिश्र, सुरेश रूँगटा, मोहन प्रधान, प्रकाश उपाध्याय, माधव राजपाल, महम्मद सहाबुद्दीनलगायतले विभिन्न समस्याबारे मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए।

## जगरनाथपुर गापाको कारण सरकारी स्वामित्वको जग्गा जोगियो



प्रस, वीरगंज, १८ फागुन/

जगरनाथपुर गाउँपालिकाको कारण करीब चार बिघा सरकारी जग्गा पुनः सरकारको स्वामित्वमा आएको छ। जगरनाथपुर गापाले साबिक गाविस बिजवनिया-२, कित्ता नं. ६२ को तीन बिघा १८ कठ्ठा जग्गा अस्पताल निर्माणको लागि मालपोत कार्यालय, पर्सामा पहल गरेको थियो। सार्वजनिक जग्गा अस्पताल निर्माणको लागि उपयोग गर्न पाउँ भनी मालपोत कार्यालय, पर्सामा निवेदन दिइएको थियो।

सो निवेदन सम्बन्धमा मालपोत कार्यालय, पर्साले जग्गाको लगत हेर्दा साबिक गाविस बिजवानिया-२, कित्ता नं. ६२ को तीन बिघा १८ कठ्ठा जग्गा विश्रामपुर निवासी चन्द्रकली कुर्मीन र महेन्द्रप्रसाद गोढको नाममा रहेको देखिएको थियो।

कम्प्युटर तथ्याङ्कमा मात्र यो सरकारी स्वामित्वको जग्गा व्यक्ति विशेषको नाममा देखिएको तर त्यसको लगत भने नभएको कारण मालपोतले सम्बन्धित जग्गाधनीहरूसँग जग्गाको स्वामित्वको लागि प्रमाण माग गरेको थियो।

जग्गाधनी भनिएका बहुदरमाई नपाको विश्रामपुर निवासी चन्द्रकली कुर्मीन र महेन्द्रप्रसाद गोढले प्रमाण पेश गर्न सकेनन्। उनीहरूले जग्गा आफ्नो भएको पनि दाबी नगरेपछि मालपोत कार्यालय, पर्साले सो जग्गा पुनः सरकारको स्वामित्वमा ल्याएको हो।

अहिले यो जग्गामा जगरनाथपुर गापाले अस्पताल निर्माण गर्ने पहल गरेको छ। यसबारे जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको समितिले निर्णय गर्नुपर्ने हुन्छ।

## वीरगंज कलेजको खाना तथा सांस्कृतिक मेला शुरू



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १८ फागुन/

वीरगंज कलेजको आयोजनामा शुक्रवारदेखि विपी उद्यान वीरगंजको फूटपाथमा खाना तथा सांस्कृतिक मेला शुरू भएको छ।

दुई दिनसम्म चल्ने खाना तथा सांस्कृतिक मेलामा पर्सा, बाराका लोक संस्कृति, परम्परागत खानाको स्टलहरू राखिएको छ। मेलाको उद्घाटन प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले गरेका थिए। कलेजका अध्यक्ष डा दीपेन्द्र चौधरीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मीणा, क्याम्पस प्रमुख विनोद गुप्ता, सुरेश चौधरीलगायतको सहभागिता थियो। विद्यार्थीहरूबाट सञ्चालित यो मेलामा हुने आम्दानी विद्यार्थीहरूकै हुने सो कलेजले जनाएको छ। यस अघि गत वर्ष कलेजले यसै प्रकारको दुई दिने खाना तथा सांस्कृतिक मेला आयोजना गरेको थियो। विद्यार्थीहरूमा सिक्दै-कमाउँदैको अवधारणा र उद्यमशीलता विकासको लागि कलेजले विभिन्न संस्थाहरूसँग सहकार्य गरेर मेला आयोजना गरेको हो।

## नेशनल मेडिकलको हडताल सहमतिमा टुङ्गियो

प्रस, वीरगंज, १८ फागुन/

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालका कर्मचारीहरूको हडताल शुक्रवार साँझदेखि सहमतिमा टुङ्गिएको छ।

अस्पतालको नयाँ प्रशासनले जिम्मेवारी लिएसँगै नौंजनालाई हटाएपछि फागुन १४ गतेदेखि अस्पतालको बहिरङ्ग विभाग बन्द गरेर २२५ को हाराहारीमा कर्मचारीहरू आन्दोलित भएका थिए।

उनीहरूले नौंजना कर्मचारीको पुनर्बहालीसँगै स्थायी गर्नुपर्ने, श्रम ऐन अनुसार सेवा सुविधा दिनुपर्ने, बीमा तथा आवासलगायतको माग गर्दै आन्दोलन गरेकोमा फागुन १६ गतेदेखि वार्ता भएको थियो र आज सहमति भएको अस्पतालका अध्यक्ष डा जैनुद्दीन अन्सारीले बताएका छन्।

## जङ्गली जनावरको आतङ्क बढेपछि स्थानीय त्रसित

बलिराम शुक्ला, बिरूवागुठी १८ फागुन/

पर्साको ग्रामीण भेगमा विगत दुई महीनादेखि बाघको आतङ्क अझै रोकिएको


बाघले मारेको बाख्रा। तस्वीरः प्रतीक

छैन। पटेर्वासुगौली गाउँपालिका, पर्सागढी नगरपालिका र सखुवापरसौनी गाउँपालिकासँग जोडिएको राष्ट्रिय वन र केही वडाका मानव बस्ती तथा निजी वन तथा फूलबारीमा वनबाट आएको बाघ बस्ने गरेको र सोही बाघको आक्रमणबाट मानवीय क्षति हुनुको साथै पशु चौपायासमेत क्षति पुग्दा अहिले सो भेगका मानिस त्रसित छन्।

पटेर्वासुगौली गापा-२ लक्ष्मीपुरमा बिहीवार साँझ रङ्गपुर बजार जान लागेका २३ वर्षीय सरोजप्रसाद अधिकारीलाई बाघले बगैंचामा आक्रमण गरेको थियो। बाघको आक्रमणबाट उनी घाइते भएपछि गाउँले तथा प्रहरी र वनकर्मीहरूले उद्धार गरी उपचारको लागि नारायणी अस्पताल वीरगंज पठाएका थिए।

त्यसैगरी पुस ८ गते पटेर्वासुगौली गापा-२ थरकटी गाउँ निवासी ३२ वर्षीय मनोज महतो उराँव शौच गर्न गएको बेला बाघले आक्रमण गरी मृत्यु भएको थियो। उनको शवको केही भाग जङ्गलदेखि ५० मिटर पर भेटिएको थियो।

पर्साका जङ्गल क्षेत्रमा बाघ र हात्तीको कारण मानवीय, चौपाया, घर, खेतमा क्षति हुने गरेको छ। जङ्गली जनावरको त्रास बढेपछि अहिले सो भेगका मानिसलाई आवागमनमा पनि समस्या भएको कुमार बस्नेतले बताए।

पटेर्वासुगौली गापा चाफी, थरकटी, रङ्गपुर, सखुवापरसौनी गापा-१ को सखुनिया, सथवल, औराहा, खजुरिया पर्सागढी नपाको एकटाङ्गा, बडनिहार, पशुपतिनगर, गुलरियालगायत ठाउँमा पालिएको चार दर्जन पशुचौपायालाई बाघले आक्रमण गरेर मारेको छ।

बाघको आतङ्कबारे डिभिजन वन कार्यालय पर्सा र पर्सा राष्ट्रिय निकुञ्ज आधाभारलाई पटक-पटक जानकारी गराएको पटेर्वासुगौली गापा-२ का अध्यक्ष विजय गैरेले बताए।

डिभिजन वन कार्यालय पर्साका प्रमुख हेमन्त साहले बाघबारे जानकारी पाउनासाथ आफूले सम्बन्धित निकायमा पत्राचार गरी बाघको उचित व्यवस्थापन तथा उद्धार टोली माग गरिएको बताए।

(बाँकी अन्तिम पातामा)

### बाघ नियन्त्रण गर्न विभागलाई पत्राचार

नितेश कर्ण, वीरगंज, १८ फागुन/

पटेर्वासुगौली गाउँपालिकामा बाघले मानव तथा पशुमाथि आक्रमण गरेपछि डिभिजन वन कार्यालय, पर्साले बाघ नियन्त्रणको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, काठमाडौंलाई पत्राचार गरेको छ।

डिभिजनल वन अधिकृत हेमन्तप्रसाद साहले आज विभागलाई पत्राचार गर्दै पटेर्वासुगौली गापा-२ लक्ष्मीपुरस्थित जङ्गल तथा आबादी बस्तीमा बाघ आउने गरेको र गाईवस्तु, बाख्रा र मानिसमाथि आक्रमण गर्ने गरेको भन्दै विभागलाई पत्राचार गरेका हुन्। उनले पत्रमा बाघको उचित व्यवस्थापनको लागि उद्धार टोली पठाउन विभागलाई अनुरोध गरेका छन्।

### विचारसार र सूक्तिहरू

**मुश्किल जीवनको अनिवार्यता हो, हाँस्दै मुश्किलबाट पार पाउनु चाहिं जीवन बाँच्ने कला हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७८, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## आयात घटाउने तर्फ सोचौं

**कुनै बखत नेपाल चामलमा आत्मनिर्भर थियो । यहाँबाट चामल कोरियासम्म निर्यात हुन्थ्यो । दोस्रो विश्वयुद्धताका नेपालबाट गएको अनुदान सहयोगको चामलले कोरियाली जनताको बिहान बेलुकाको छाक टरेको थियो । यही कारण हो, अहिलेसम्म दक्षिण कोरियाली नागरिकहरूले नेपाली नागरिकप्रति असल व्यवहार गरेका । अहिले चामल भारतबाट आयात गर्नुपर्ने अवस्था छ । यहाँ उत्पादित धान नेपालीहरूका लागि चार महीना बढी पुगिरहेको छैन । सरकारको नीति नै कृषि उत्पादन बढाउने देखिँदैन । कृषिप्रधान देशमा किसानहरूलाई सिंचाईको उचित व्यवस्था छैन । अहिलेसम्म ३४ प्रतिशत खेतमा सिंचाइ सुविधा पुऱ्याउन सकिएको छैन । सिंचाइ सुविधा भएका खेतहरूमा पनि मल, बीउबिजन र पछिल्ला समयमा ज्याला मजदूरीको समस्या विकराल बन्दै गएको छ । खेतीपाति गर्ने युवा शक्ति विदेश पलायन हुँदै गरेको र उनीहरूलाई रोक्ने कार्यमा सरकार अहिलेसम्म असफल रहँदै आएको छ । जति युवा विदेशिन्छन् सरकारको त्यतिकै रेमिन्यु बढिरहेको छ । अहिले वैदेशिक सहायता र रेमिन्युमा सरकार टिकेको छ । कृषि कर्मका लागि आवश्यक सिंचाइ सुविधाको विस्तार, मल, बीउबिजनको उचित आयात जस्ता कार्यमा सरकारको ध्यानै छैन । प्रत्येक वर्ष कृषिमन्त्रीले आगामी वर्षदेखि किसानले मलको अभाव झेल्नुपर्दैन भनेको पनि कैयन वर्ष बितिसके ।**

**नेपालमा वार्षिक सात लाख मेट्रिक टन मल आवश्यक हुन्छ तर सरकारी तथ्याङ्क अनुसार चार लाख मेट्रिक टन मल मात्र आयात गरिन्छ । करीब आधाआधीको अभाव किसानहरूले कसरी पूर्ति गरिरहेका छन् भन्नेतर्फ सरकार संवेदनशील हुनै सकेको छैन । सरकारको यो रवैया कृषिमा मात्र होइन । सबैखाले नेपालीहरूको आवश्यकताका कुरा आयातमा निर्भर पारिने काम भइरहेको छ । अहिले ८५ प्रतिशत आवश्यकताका कुरा आयातमा निर्भर छ । भारतसँग मात्र ९० प्रतिशत आयात र १० प्रतिशत निर्यातको अवस्था छ । वीरगंज–पथलैया छ लेन सडकको अहिलेको अवस्थाले पनि कमजोर निर्यात र बलियो आयातलाई दर्शाउँछ । सडकदेखि पश्चिमतर्फको भाग अहिले कतिपय स्थानमा पुनः मरम्मत गरिएको छ । भार क्षमताले सडक धसेका छन् । त्यही पूर्वतर्फ समतल छ । यस अघि पथलैया–अमलेखगंजको सडक अवस्थाले त झनै प्रस्ट पारेको थियो । आयातमा मात्र ध्यान केन्द्रित गर्नुको कारण भन्सार शुल्क पनि हुन सक्छ । जति आयात बढायो त्यति भन्सार शुल्क वृद्धि हुन्छ । तर त्यसले देशमा भएका उद्योगधन्दा चौपट हुँदै गएकोतर्फ सरकार अनभिज्ञ बन्दै गएको छ ।**

**उत्पादन बढेको खण्डमा देशले विकास गर्छ । स्वदेशमा रोजगारको अवसर बढ्छ, आयातको साटो निर्यातमुखी व्यापार हुन्छ, विदेशी मुद्रा बाहिरिने क्रम रोकिन्छ र देशमा विदेशी मुद्राको सञ्चितीकरण बढ्छ । तर यी सबदेखि टाढा सरकारको रवैयाले भएका उद्योगधन्दाहरू धमाधम बन्द भइरहेका छन् । अहिले दूध उत्पादक किसानहरू आन्दोलनमा छन् । नेपालका दुग्ध किसानहरूबाट नेपाली दुग्ध उद्योग चल्न सक्छ तर नेपाली दुग्ध किसानहरूबाट दूध नलिएर भारतलगायतबाट दूध आयात गरिदैछ, कारण कमिशन । नेपाली दूध किसानहरूलाई हौसाउनको साटो सरकार निरुत्साहित पार्दैछ । [redacted]ले अविलम्ब रोक्नु श्रेयकर हुन्छ ।**

# आजभोलि समाजमा सबैको अर्जुनदृष्टि पैसामैं किन ?

### स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**हिजोआज पढ्नका लागि छोराछोरी शहर गए भने उनीहरूका सबै आवश्यकता भनेको समयमा पूरा गर्नुहुँदैन । यसो गर्दा उनीहरूलाई पैसाको अर्थ थाहा नहुन सक्छ । बालबालिकालाई अभाव महसूस गर्न दिनुपर्छ । जसले उनीहरूलाई काम गर्न तथा कमाउन प्रेरित गर्छ ।**

हामी बाँचेको युग दलाल पूँजीवादी व्यवस्थाको युग हो । यो समय दलाल पूँजीवाद असफल भइरहेको समय पनि हो । अर्थात् यसलाई यसरी पनि भन्न सकिन्छ, यतिबेला दलाल पूँजीवाद निभ्न लागेको बत्तीजस्तै हो । त्यसैले यतिबेला सबैतिर निराशै निराशाले भरिएको देखिन्छ । कोही पनि सन्तुष्ट र आशावादी देखिँदैन । जुनसुकै व्यवसाय र पेशाका मानिस किन नहोस् सबैतिर केवल निराशाकै साम्राज्य चलिरहेको देखिन्छ । मानिसहरूले अब अवस्था सुध्रिन्छ कि भन्दै गरेको सोच्दै गरेको पनि दशक बितिसक्यो । तर अवस्था सुध्रिनुको साटो झनझन् दिन प्रतिदिन बिग्रिदै गएको अनुभूतिले मानिसहरू अत्तालिएका छन् । यो अवस्था यतिबेला यति डरलाग्दो गरी विकास भएको छ कि समाजभित्र मानिसहरू आत्महत्या गर्नेसम्मका घटनाहरू घट्न थालेका छन् । यसको मतलब अब संसार यहींबाट सिद्धिने हो त त्यो पनि होइन । वास्तवमा झिनो आशा मानिसहरूमा अझै पनि विकास र समृद्धिको छँदैछ । तर त्यो प्राप्त हुने कसरी ? राज्य व्यवस्थामा लागेका तथा समाजभित्र देखिएका सबै अगुवाको चरित्र र चिन्तन घटिया, नितान्त व्यक्तिवादी तथा भ्रष्टमुखी भएको हुनाले मानिसहरूमा पलाएको राम्रो दिनको आशाले अझै विश्वासको ठाउँ लिइसकेको छैन । सेवा, सहयोग, सद्भाव, मानवता जस्ता शब्दावली केवल अरूको लागि मात्रै मानिसले गरिरहेका छन् । कोही पनि यो कार्यमा लाग्न चाहिरहेको छैन र लागेकाहरू पनि प्रायः स्वार्थवश लागेका देखिन्छन् । पर्दाअगाडि एउटा कुरा भनेको देखिन्छ तर पर्दापछाडि अर्कै कुरा गरेको देखिन्छ । प्रायः सबै मानिस दोहोरो चरित्रको भूमिकामा समाजभित्र अगाडि बढेको सजिलै देख्न सकिन्छ । मानिसहरू यस्तो हुनुको मुख्य कारण विद्यमान दलाल पूँजीवादी व्यवस्थाको मनोविज्ञान नै हो । यो व्यवस्थामा सबैलाई व्यक्तिगतरूपमा उन्नति र धनवान् बन्ने अवसर छ भन्ने एकातर्फ सिकाउँछ भने अर्कोतर्फ जति जे गरे पनि १० देखि १५ प्रतिशतभन्दा बढी मानिसहरू कुनै पनि अर्थमा सम्पन्न बन्न नसक्ने दलाल पूँजीवादी व्यवस्थाको राजनीतिक तथा आर्थिक व्यवस्थाको अवस्था रहेको छ । जो धनी छ ऊ झनझन् धनी कसरी बन्ने भन्ने अनेक तानाबाना बुन्नमा व्यस्त छ । जो गरीब छ, जो मध्यमवर्गका छन्, उनीहरू अब मध्यमवर्ग नरहने अवस्थामा पुगेका छन् । मध्यमवर्गका धेरै हिस्सा आफ्नो वर्गबाट झरेर श्रमिक वर्गमा जाने अवस्था भएकोले उनीहरूले अहिले आत्महत्याको बाटो रोज्ने गरेको देखिन्छ । यस्तोमा समाजभित्र सबैतिर पैसा नै सबैभन्दा महत्त्वपूर्ण हुनु स्वाभाविक हुन जान्छ । त्यसैले डाक्टर, इन्जिनियर, प्रोफेसर, वकील, न्यायाधीश, व्यापारी, नेता, प्रहरी, सैनिक सबै क्षेत्र र विभाग पैसालाई नै आधारित बनाएर हिंडेका देखिन्छन् । समाजमा मानवता, नैतिकता, इमानदारिता यी सबै समाप्त हुँदै गइरहेका भेटिन्छन् र सबैको अर्जुनदृष्टि केवल पैसा नै रहेको छ । यस्तो मनोविज्ञानले गर्दा राज्यको अवस्था दिन प्रतिदिन कमजोर हुँदै गइरहेको छ भने राजनीतिक दलहरूमाथिको विश्वास गुम्दै गइरहेको छ । समाजभित्र कोही कसैलाई विश्वास गर्ने अवस्थामा रहेको देखिँदैन । घरपरिवारहरू पैसाकै कारण आपसी सद्भावबाट वञ्चित हुँदैछन् । पैसाले गर्दा समाजभित्र कुनै पनि नाता–सम्बन्धमा माया, प्रेम र विश्वास बलियो अवस्थामा छैन । यसरी जुन सम्बन्ध कमजोर छ, त्यहाँ माया र विश्वास हुँदैन । फलस्वरूप त्यो सम्बन्धको आयु लामो हुँदैन । माया–प्रेमले सम्बन्धलाई बलियो बनाउँछ भने विश्वासले सम्बन्धलाई अटुट बनाउँछ । तर दलाल पूँजीवादी व्यवस्थाको मनोविज्ञानले गर्दा हिजोआज सम्बन्धलाई धन–सम्पत्ति र पैसामा तुलना गर्न थालिएको छ । पैसाले आपसी प्रेम र विश्वासमा चोट पुऱ्याउँछ, एकअर्काप्रति शङ्का गर्न र दूरी बढाउन सबैभन्दा बढी भूमिका खेलिरहेको सजिलै देख्न सकिन्छ ।

यतिबेला सबैले अनुभूति गरेकै विषय के हो भने पैसाले कुनै पनि बलियो सम्बन्धलाई कमजोर बनाउन सक्छ । पैसाले हरेक व्यक्तिलाई कमजोर बनाइदिन्छ । पैसाले नै व्यक्तिमा लालच उत्पन्न गराउँछ र आफ्नाहरूसँग विश्वासघात गर्न सिकाउँछ । हिजोसम्म हामीले मानिआएको क्रान्तिकारीहरू आज पैसाकै कारण पतन भएको कुरालाई सबैले अनुभूति गर्न थालेका छन् । यतिमात्र होइन आज आफ्नो जन्म दिने आमाबुबालाई पाल्न पनि सम्पत्तिमा तुलना गर्न थालिएको छ । हिजोआज अदालतमा समेत बैंकका चेकहरू बाउन्स भएका मुद्दाहरू धेरै आएका सुनिन्छ । त्यसरी चेक बाउन्स हुनुको कारण आफन्तहरूलाई परेको समयमा गरेको आर्थिक सहयोगलाई फर्काउने समयमा विश्वासघातको शिकार बन्न पुग्छन् । जुन सम्बन्धमा कुनै बेला मिठास भरिएको हुन्थ्यो, पैसाको लेनदेनका कारण त्यसमा अमिलोपन आउन थाल्छ र त्यो कुरा अड्डा–अदालतसम्म पुग्छ । पैसाकै कारणले गर्दा एकअर्काको अनुहारसम्म हेर्न मन पराउँदैनन् । र ज्यानैसमेत मार्न अनेक षड्यन्त्रका तानाबानाहरू बुनेर योजनालाई कार्यान्वयन गर्न लागिपरेका घटनाहरू दिनहुँ उजागर भएका देखिन्छन् ।

यस्तो अवस्थामा मानवता सुरक्षाको लागि सबैले बुझ्नुपर्ने कुरा के हो भने पैसा र सम्बन्धमध्ये कुन बढी महत्त्वपूर्ण हुन्छ भन्ने कुरा छुट्याउनुपर्ने हुन्छ । पैसालाई बढी महत्त्व दिनु भनेको सम्बन्धमा दूरी उत्पन्न गराउनु हो । जब कुनै विषम परिस्थितिमा कुनै साथी अथवा आफन्तले पैसाको ऋण माग्दा नाइँ भन्न गाह्रो पर्छ । अनि यस्तो परिस्थितिमा पैसालाई महत्त्व दिने कि सम्बन्धलाई भन्ने गहन सवाल उठ्ने गर्छ । जुन व्यक्तिले पैसालाई बढी महत्त्व दिने गर्छ, उसको जीवन र समाजलाई हेर्ने दृष्टिकोणसमेत फरक हुन्छ । तर समय र परिस्थिति अनुसार पैसाको लेनदेन गर्दा आफैंले पनि छुट्याउनुपर्ने हुन्छ कि मानवतालाई अगाडि राखौं । आखिर मरेर जाँदाखेरी लाने के हो ? हुनत सबै परिस्थितिमा पैसाले सम्बन्धमा अमिलोपन ल्याउँछ भन्ने कुरा सही नहुन सक्छ । पैसाले त्यस परिस्थितिमा मात्र सम्बन्ध बिग्रन्छ, जुन समयमा मानिसको नियतमा खोट आउँछ वा पैसाको लागि मन बदलिन्छ । कहिलेकाहीं परिस्थितिहरू पनि अनुकूल हुँदैनन्, हातमा पैसा नहुँदा ऋण तिर्न समय लाग्छ । त्यसैले केही धैर्य राख्न पनि आवश्यक हुन्छ । यस्तोमा व्यक्तिको आर्थिक अवस्था के कस्तो छ, उसको वर्तमान अवस्था कस्तो रहेको छ भन्ने कुरालाई बढी महत्त्वका साथ लेनदेन गर्ने दुवै पक्षले विचार गरिदियो भने मानवता पनि हराउँदैन र सम्बन्धमा पनि तिक्तता हुँदैन । यदि तपाईंको विशेष व्यक्तिले तपाईंसँग सानो रकम उधारो माग्छ भने पैसा फिर्ता भएपनि नभए पनि ठीकै छ भन्ने पहिले नै सोचेर मात्र पैसा दिनुपर्छ । यसले सम्बन्ध सधैं सुमधुर हुन्छ । थोरै पैसाको लागि सम्बन्ध बिगार्नु कुनै पनि अर्थमा राम्रो होइन भन्ने मनोविज्ञान अब दरोसँग पक्रिन जरुरी छ । किनभने सम्बन्धमा चीसोपन आउनुको कारण पैसा भयो भने त्यसलाई गम्भीरताका साथ विचार गर्नुपर्छ । पैसाको कारण आर्थिक मात्र होइन, मानसिकरूपमा पनि धेरै समस्या आउँछन् । कतिपय मामिलामा पैसा दिनेहरू पैसा फिर्ता नआउँदा तनाव खप्न नसकेर बौलाएकासमेत घटनाहरू वा शारीरिकरूपमा रक्तचाप र मधुमेह बढ्ने अथवा हृदयघातसमेत भएका घटनाहरू देखिन्छन् । त्यसैगरी, पैसा लिनेहरू फिर्ता गर्न नसकेर उत्पन्न भएको तनावले गर्दा उपरोक्त समस्याहरूको सामना गरिरहेका घटनाहरू देखिन्छन् । यतिबेला समाजमा पैसाको लेनदेन एउटा ठूलो सामाजिक समस्याको रूपमा देखिएको छ । खास गरीकन मिटर ब्याजको समस्याले मानिसहरू निकै नै पीडित छन् । आत्महत्याको मनोविज्ञानसम्म विकास गर्न सक्ने मिटरब्याजीलाई समयमै लगाम लगाउन सकिएन भने यसले झन् ठूलो विनाशकारी परिणामहरू ल्याउने निश्चित नै छ । त्यस कारण राज्यले समयमै मिटरब्याजीबाट पीडित किसानहरूको समस्यालाई बुझेर मिटर ब्याज खान पल्केका साहूहरूलाई कडा दण्ड गर्ने विधिविधान तयार गर्न जरुरी छ । पैसाको वर्तमान अवस्थालाई विचार गर्दा हामीले केही कुरामा ध्यान पुऱ्याउन जरुरी देखिन्छ । जस्तो कि एक सूत्रमा भन्नुपऱ्यो भने अब हामीले यो भन्न सक्नुपर्छ– 'जसले बचाउन जान्दैन, उसले बाँच्न जान्दैन ।' अब घरघरमा केटाकेटीदेखि नै बालबालिकालाई पैसाको महत्त्वबारे तथा मितव्ययिताबारे सिकाउन जरुरी छ । आआफ्नो बच्चालाई कसरी असल, सफल, कुशल बनाउने भन्ने कुरामा जसरी सबै अभिभावक लागिपरेका हुन्छन्, त्यसैगरी पैसाको बारेमा पनि बताउन जरुरी हुन्छ । महँगो बोर्डिङ स्कूलमा पढाएर मात्रै नानीबाबुहरू असल बन्ने होइनन् । उनीहरूको जीवन सफल हुने होइन । यो कुराको ज्ञान उनीहरूलाई हामीले शुरूबाटै दिन सक्नुपर्छ । यसको लागि जीवनमा पैसाको महत्त्व पनि बताउन जरुरी छ । तर प्रायः घरपरिवारमा न घर–व्यवहारको कुरा सुनाइन्छ, न आर्थिक योजनाको कुरा नै । केही जान्ने–बुझ्ने भएपछि बालबच्चालाई आर्थिक व्यवस्थापनका कुरा सिकाउनुपर्छ । पैसाको महत्त्व बोध गराउनुपर्छ । उनीहरूलाई आम्दानी कसरी गर्ने हो, त्यसको बारेमा साथै बचत कसरी गर्ने ? लगानी कसरी गर्ने ? र खर्च कसरी गर्ने ? यी कुराहरूको बीचमा तालमेल कसरी मिलाउने ? कसरी मितव्ययी बन्ने ? फजुल खर्चबाट कसरी जोगिने ? यस्ता सवालहरूमा पनि बालबालिकाहरूलाई सबै कुरा सिकाउँदै लग्नुपर्ने जरुरी हुन्छ । यस्तो बेलामा खासगरी हामीले भाग्य भने केही पनि हुँदैन, सबै कुरा मेहनत नै हो भन्ने कुरा राम्रोसँग बालमस्तिष्कमा राख्न सक्नुपर्छ । उनीहरूलाई नभएको काल्पनिक ईश्वर र भाग्य जस्ता कुराहरूमा फसाउनुहुँदैन । आफ्नो श्रम, विवेक, मेहनत नै पैसा आर्जन गर्ने मूल स्रोत हुन् । मेहनत र इमानदारीपूर्वक कुनै पनि काम, पेशा, व्यवसाय गरेर पैसा आर्जन गर्नुपर्छ । यसका लागि सही समयमा सही ढङ्गले सही ठाउँमा लगानी गर्नुपर्ने हुन्छ । पैसा लगानीका लागि बचतको कला पनि जरुरी हुन्छ । पैसा कसरी जोगाउने ? कसरी फजुल खर्चबाट बच्ने ? यी कुरा जान्नुपर्छ । हिजोआज देखावटी गर्ने, नक्कल गर्ने, फेशन गर्ने यस्ता कुराहरूबाट बच्चाहरूलाई जोगाउनको लागि केटाकेटीदेखि नै प्रशिक्षित गर्दै लग्नुपर्छ ।

हामीलाई थाहा छ, बालबालिकाले ठूला–ठूला काम गरेर आयआर्जन गर्न सक्दैनन् । तर उनीहरूले आफ्ना पुराना किताब कपी, आफूले बनाएको चित्र, आफूले रोपेको फूल, बोटामा फालिएको प्लास्टिकलगायत हल्का कबाडीका सामान आदि बेचेर आयआर्जन गर्न सक्छन् । यी सामान्य लाग्ने कुराबाट पनि उनीहरूलाई पैसा र श्रमको महत्त्व बुझाउन सकिन्छ । यसको साथै उनीहरूले पाउने पकेट खर्च कसरी राख्ने ? के कुरामा खर्च गर्ने ? खर्च गर्दा के कस्ता होशियारी अपनाउने ? भन्ने कुरा सिकाउँदै लगेमा केटाकेटीहरूले पैसाको महत्त्व र बचत कसरी गर्ने भन्ने कुरा, मितव्ययी कसरी बन्ने कुरा तथा फजुल खर्चबाट कसरी जोगिने कुरा सजिलै बुझ्न सक्छन् ।

हामी सबैले बुझेकै कुरो हो, आर्थिक व्यवहारमा जति धेरै महत्त्व आम्दानीको छ, त्यतिकै महत्त्व बचतको पनि हुन्छ । त्यसैले आम्दानीजस्तै बचततिर पनि ध्यान दिन जरुरी छ । जसरी एउटा गृहिणीले प्रत्येक दिन भान्सामा चामल राखेको भाँडाबाट एक मुठी चामल झिक्दा खाना कसैको पनि कम हुँदैन । तर ३० दिनमा ३० मुठी चामल वा ३६५ दिनमा ३६५ मुठी चामलको बचत सजिलै गर्न सकिन्छ । त्यसैगरी, बालबालिकालाई बचत गर्ने कला सिकाउन घरमा एउटा खुत्रुके किनेर ल्याइदिनुपर्छ । आम्दानीको कम्तीमा पनि १० प्रतिशत बचत गर्नुपर्छ भन्ने कुरा सिकाउनुपर्छ । केही फजुल खर्च कटाएर दैनिक १०० रुपियाँ मात्र बचत गर्न सक्यो भने २५ वर्षको उमेरसम्ममा करीब १० लाख रुपियाँ जम्मा हुन्छ । त्यस कारण सबैभन्दा पहिले बच्चालाई बचत गर्न सिकाउनुपर्छ । केटाकेटीहरूलाई समाजमा समन्वय गर्नको लागि अथवा घुलमिल गर्नको लागि उसले कसरी बोलीचाली गर्ने, व्यापारमा आम्दानी वा खर्च गर्न कसरी बोल्ने भन्ने कुरा पनि सिकाउन जरुरी हुन्छ । त्यसको लागि केही न केही कुरा कसरी बेच्ने ? वा कसरी बोल्ने ? भन्ने कुरा सिकाउनुपर्छ । आम्दानीको निम्ति पहिले पैसाको महत्त्व बुझाउनुपर्छ । बच्चालाई बेच्ने र बोल्ने कुरा सानैदेखि सिकाइदियो भने ऊ संसारको जुनसुकै कुनामा गएर पनि बाँच्न सक्छ । यसो गरिएन भने बच्चाहरू आत्ममुखी बन्ने खतरा रहन्छ । जसले गर्दा समाजमा घुलमिल गर्न उसलाई निकै गाह्रो हुन्छ । यसको लागि बच्चालाई आम्दानी गर्न योग्य बनाउन सिकाइमा लगानी गर्नुपर्छ । त्यसैले पाठ्यक्रमभन्दा बाहिरको पुस्तक पढ्ने बानी बसाउने, उनीहरूको डिजिटल युगमा बच्चालाई डिजिटलाइजेशनसम्बन्धी ज्ञान पनि दिनुपर्छ । खासगरी बालबालिका बिग्रिने उमेर किशोरावस्था नै हो । १६ देखि २० वर्षको उमेरमा बालबालिकाको सिकाइमा लगानी गर्नुपर्छ । सिकाइमा गरेको लगानीबाट नै उनीहरूले पछि आम्दानी गर्न सक्छन् । उनीहरूलाई के बुझाउन जरुरी छ भने बचत र लगानीमा के फरक छ ? अर्थात् बचतमा शून्य जोखिम हुन्छ भने लगानीमा जोखिम हुन्छ, त्यसैले लगानीको कुरा बिस्तारै सिकाउनुपर्छ । यहाँनिर आम्दानी र लगानीभन्दा पनि महत्त्वपूर्ण कुरा भनेको खर्च हो । त्यसैले केटाकेटीलाई कसरी खर्च गर्ने, कुन कुरामा खर्च गर्ने भन्ने सिकाउनुपर्छ ।

वास्तवमा हामीले अहिलेसम्म सम्पूर्ण कुरा अरूलाई देखाउनका लागि गरिरहेका छौं । विद्यालय गयो देखाउन, बिहे गऱ्यो देखाउन, कुनै नयाँ सामान किन्यो देखाउनकै निम्ति । त्यसैले देखाउनका लागि हामी धेरै खर्च गर्छौं । कुनै पनि व्यक्तिको खर्चभन्दा आम्दानी कम्तीमा पनि तीन गुणा बढी हुनुपर्छ । यस कुरालाई राम्ररी बुझाउन सक्नुपर्छ ।

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# प्रकृति : संस्कृति, आधुनिकता र दैनिकी

कतिपय कुराको महत्त्व पछि थाहा हुन्छ। जुन दिन मैले यो फोटो खिचेको थिएँ, त्यस दिन मलाई यसमा यत्तिको विषयवस्तु छ जस्तो लागेको थिएन जति आज लागिरहेको छ।

१. यो गाउँको चित्र हो। गाउँको नाउँमा यहाँ गुजुमुजु परेका घरहरू देखिंदैनन्। बाँकी जे दृश्यहरू रहेका छन्, तिनले यस चित्रलाई गाउँ बनाउन पर्याप्त भूमिका निर्वाह गरेका छन्।

२. यस चित्रमा संस्कृति, आधुनिकतामा सबैको प्रकृति देखिएको छ।

३. संस्कृति यस अर्थमा कि यहाँ मानिसको भीड देखिन्छ। वास्तवमा मैले यो फोटो खिच्दा दुलहाको फोटो देखियोस् भनेर खिचेको थिएँ, तर जुम गरिनँ। मनमा लाग्यो, दुलहाले कुनै दिन सोध्दा – तपाईं आउनुभएन मेरो बिहेमा ? तब उनलाई यो फोटो देखाउँछु सोचेर खिचेको थिएँ। मानिसको भीड चाहिं उनको बिहेको आम महुवा विवाहको बेलाको हो। आम महुवा विवाह एउटा सांस्कृतिक उत्सव हो जुन विवाहसित सम्बन्धित छ। अन्यत्र के कस्तो छ, भन्न सकिन्न तर बज्जिकाञ्चलमा आम महुवा विवाहको समयमा घरका आइमाई, आफन्त तथा नातागोता र छिमेकी महिलाहरू खुब नाच्छन्। यसैले मैले नजीकबाट फोटो खिच्न नसकेको हुँ। बूढोले किन भिडियो खिच्यो भन्ने डर पनि लागेको थियो मनको कुनै कुनामा।




३. एका छेउमा रथ देखिन्छ। आजभोलि यो आधुनिक रथको प्रचलन बढी भइसकेको छ। पहिलेको जमानामा विवाहमा रथको चलन थिएन। गत एक डेढ दशकमा रथको चलन चल्न थाल्यो। पहिले एउटा घोडाले तान्ने रथ चलनमा आयो अनि दुई घोडाको। घोडाको रथलाई यस चार पाङ्ग्रे रथले प्रतिस्थापन गर्न थालेको छ। अब व्यावसायिकरूपमा एउटा चार पाङ्ग्रेलाई रथको आकारमा सजाइन्छ। यसले राम्रो आम्दानी त दिन्छ नै, सजिलो पनि छ। एक ठाउँबाट अर्को ठाउँमा जान निकै सजिलो भएको छ। पाँच दश किलोमिटरसम्म जान यस्ता रथलाई कुनै समस्या हुँदैन। आजभोजि हरेक गाउँमा सडकको विकास भइसकेको छ। यसले गर्दा यस किसिमको रोजगार राम्ररी चलेको छ। बदलिंदो जीवनशैलीमा विवाहको यो एउटा अनिवार्यता हुन गएको छ।

४. चित्रमा ठूलो ठाउँ ओगटेको गोरहाले हो। गोरहा ग्रामीण जनजीवनसित निकै गाँसिएको छ। यसो त यसले इन्धनको काम गर्छ, तर यसले संस्कृति बोकेको छ। गोरहा बनाउने काम कात्तिक महीनाको गोबर्धन पूजाको दिन हुन्छ। यसलाई चैत महीनाको नवमीको दिनदेखि घरमा भित्र्याइन्छ। यद्यपि यसलाई भित्र्याउन समत जरेपछि (होलिकादहन, चिरदाह भएपछि) अर्थात् होलीपछि कुनै बाधा हुँदैन। होलीमा यसको पहिलो उपयोग गरिन्छ। अझै पनि


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


गाउँघरमा पूजामा कुनै काठभन्दा यसलाई शुभ मानिन्छ। धार्मिक काममा यसको उपयोग गरिन्छ। कुनै पनि सांस्कृतिक काममा यसको आगोलाई उच्च शुद्ध मानिएको पाइन्छ। यद्यपि यसलाई चुलो बाल्नकै लागि सबैले अत्यधिक प्रयोग गर्दछन् तर गाउँघरमा कसैको अन्तिम संस्कार गर्नुपर्दा यही गोरहा नभई हुँदैन। यसको महत्त्व छठियारमा पनि हुन्छ। यसरी जन्मदेखि मृत्यसम्म सबै धार्मिक तथा सांस्कृतिक काममा गोरहाको उपयोग हुन्छ। सम्भवतः ग्रामीण संस्कृतिमा गोरहाको विशालता पनि यस चित्रले बयान गरेको छ।

५. अलिकति भैंसीको अनुहार देखिएको छ र गोरहाभन्दा पहिले देखिन्छ एउटा थुप्रो। गोबर र खरानीको यो थुप्रो कुनै खेतमा जाने बाटो कुरिरहेको छ। समय आएपछि खेतमा छरिएर मलको काम गर्ने यो थुप्रोले ग्रामीण समुदायको दाउरामाथिको निर्भरता पुष्टि गर्दछ। यति धेरै गोरहाको निर्माण र गोरहाको उपयोगपछि बनेको खरानी पनि देखिनुले गोरहाको अन्तिम गन्तव्य पनि यहीं हो। गोरहा पनि अग्लिंदैछ र खरानी पनि अग्लिंदैछ। गोरहा बन्ने मुख्य कच्चा पदार्थ गोबर नै हो। गोबर दिने पशुधन (भैसी) पनि यसै चित्रमा रहेको छ। एक अर्को संयोग पनि छ, भैंसीभन्दा अलिक दाहिनेतिर परालको कुन्यु देखिन्छ। पराल भैंसीले खान्छ। भैंसीले खाने पराल र घाँस हो। यस चित्रमा पराल र घाँस सबै देखिने हुनाले एक किसिमले गोरहाको जीवनचक्र नै पूरा भएको देखिन्छ। घाँस वा पराल भैंसीले खान्छ, भैंसीले गोबर दिन्छ, गोबरबाट गोरहा बन्छ, गोरहा बालेपछि खरानी बन्छ र खरानीले घाँस उत्पादनमा मलको काम गर्छ।

६. यहाँ मन्दिरको फोटो पनि स्पष्ट देखिएको छ। गाउँमा मन्दिर हुनु स्वाभाविक हो। गाउँको मन्दिर पनि गरीब नै हुन्छ। यहाँ देखिएको मन्दिर खासै भव्य छैन तर यो मन्दिर नयाँ पनि होइन। यो हेर्दैमा पुरानो लाग्छ। मन्दिर पुरानो हुनुको अर्थ हो कि यसको महत्त्व धेरै छ। गाउँका कतिपय प्राचीन मन्दिरबारे शहरलाई खासै थाहा हुँदैन र गाउँमा मन्दिरको सम्बन्ध विवाहजस्ता अत्यन्त शुभ कार्यसित रहेको हुन्छ। गाउँको सुन्दरता धार्मिक काममा पनि हुन्छ। हरेक काममा ग्रामीण समुदायले धर्म नै देख्नु सौन्दर्यभाव हो। आम महुवा विवाह गर्न पनि यसैगरी मन्दिरकै छेउमा पुग्दछन् ग्रामीणहरू। मन्दिर अर्थात् देवी र देवतासित गाउँको सम्बन्ध अत्यन्त जीवन्त हुन्छ। मन्दिरमा पूजा गरेपछि आम महुवा विवाह हुन्छ अनि सबै नाच्न थाल्छन् जबसम्म अर्को कामको लागि हतार हुँदैन।

७. आँपलगायत अन्य विभिन्न किसिमका रूखहरू देखिन्छन्। बगैंचालाई गाउँको सुन्दरता यसकारण पनि मानिन्छ कि यस्तो बगैंचा गाउँमा मात्र सम्भव हुन्छ। आँपको रूखको त संस्कृतिसित नङ र मासुको सम्बन्ध हुन्छ नै। चित्रमा देखिने बाँस पनि गाउँको जीवनमा कम गुणकारी मानिंदैन। गाउँको पर्यावरण यस्तै रूखबिरुवाले नै बचाएका छन्। रूख बिरुवाहरू कति आफैं उम्रन्छन् त कतै लगाइएका हुन्छन्। यसमा देखिएका सबै रूख रोपेकै हो। यी रूखहरू पुराना छैनन् र भर्खरका पनि छैनन्। गाउँमा रूख रोप्ने र आम्दानी लिने काम फरक अर्थमा लिइन्छ। फलानाको आफ्नो दुई पेड छैन भनेपछि अलिकति सम्मानमा कमी भएको महसूस हुन्छ। हरेक हुने खानेको आफ्नो बगैंचा हुनुपर्छ भन्ने मनोविज्ञान गाउँमा अद्यापि विद्यमान छ। फूलबारी अर्थात् बगैंचा नहुने हो भने सम्मानको एक अंश बाँकी रहेको मानिन्छ ग्रामीण जीवनमा। यसलाई पर्यावरणको दृष्टिले पनि लिन सकिन्छ र गाउँघरमा छहारीको अझै पनि निकै ठूलो महत्त्व छ भनेर देखाउँछ। यसैगरी ग्रामीण जीवनमा अझै पनि फलफूलको सेवन मानिस आफ्नै उत्पादनमा निर्भर छन् भन्ने कुरा पनि चित्रमा देखिएको रूखहरूको आधारमा अनुमान लगाउन सकिन्छ।

यदि यस चित्रको विश्लेषण गर्ने हो भने अझै पनि केही कुरा निकाल्न सकिन्छ तर यो फोटो खिचेको केही समयपछि आफैलाई पनि गज्जब लागेको छ। कहिलेकाहीं चित्रले धेरै कुरा बोलेको हुन्छ। यस चित्रले पनि धेरै कुरा बोलेको छ। धेरै कुरा बोल्ने चित्रको अर्थ पनि धेरै हुन्छ। हुन सक्छ, कसैलाई यो चित्र सामान्य लागोस् तर मलाई भने निकै विशिष्ट लागेको छ र आज मलाई त्यो भनाइ सही लागेको छ जसले भनेको छ – एउटा फोटोले कुनै लेखभन्दा बढी बोल्ने सामर्थ्य राख्दछ।

यस फोटोमा संस्कृति, आधुनिकता र दैनिकीको प्रकृतिलाई मज्जैले दर्शन गर्न सकिन्छ, समयको कुनै एक बिन्दुमा रहेर। यसले प्रकृतिको बयान त गरेकै छ।

# गुराँस (Rhododendron)


आलेख



लिपिका कर्माचार्य

lipikakarmacharya@gmail.com


**पृष्ठभूमि**

आकर्षक तथा मनमोहक फूलहरूमध्ये गुराँस पनि एक हो। वानस्पतिक वर्गीकरण अनुसार गुराँस इरिकेसी (Ericaceac) परिवार अन्तर्गत पर्छ। अङ्ग्रेजी भाषामा गुराँसलाई Rhododendron भनिन्छ। ग्रीक भाषामा Rhodos को अर्थ गुलाब र Dendron को अर्थ रूख हुन्छ अर्थात् Rhododendron भन्नाले गुलाब जस्तै ढकमक्क भएर रूखमा फुल्ने फूल भन्ने बुझिन्छ।

**प्राकृतिक वासस्थान**

प्राकृतिक वासस्थानको आधारमा अहिलेसम्म १००० भन्दा बढी गुराँसका प्रजाति पहिचान भइसकेका छन्। चीनको युनान प्रान्तदेखि हिमालयको पश्चिमतर्फ पूर्वी नेपालसम्मको क्षेत्रमा गुराँसका घना वनहरू देख्न सकिन्छ। गुराँसका प्रजातिहरूको प्रचुरता विशेषगरी पूर्वी हिमालयमा अत्यधिक रहेकाले यस जातिका थरीथरीका फूलहरू फुल्ने पूर्वी नेपालका वनलाई "गुराँसे वन" वा गुराँसे डाँडाहरूका नामले चिनिन्छन्। हाम्रो देशको कोशी प्रदेशका जिल्लाहरू ताप्लेजुङ्ग, तेन्हथुम, सङ्खुवासभा, पाँचथर र इलामका विशेष गरेर कञ्चनजङ्घा संरक्षण क्षेत्र, मकालु वरुण राष्ट्रिय निकुञ्ज र तीनजुरे-मिल्के-जलजले क्षेत्रमा नेपालमा पाइने ३१ प्रजातिका गुराँस पाइने हुनाले उक्त क्षेत्रलाई गुराँसको राजधानीको नामले पनि चिनिन्छ।

विश्वका अन्य स्थानमा नपाइने तर नेपालमा मात्र पाइने दुईवटा गुराँसका रैथाने प्रजातिमध्ये पहिलो Rhododendron Lowndesii Davidian (रोडोडेन्ड्रोन लोनडेसी) लाङ्टाङ र मुस्ताङमा तथा दोस्रो Rhododendron Cowanianum Davidian (रोडोडेन्ड्रोन कोवानियानम) डोल्पाका केही क्षेत्रमा पाइएको छ। रूखबिरुवाका झरेर थुप्रिएका पात र वन्यजन्तुको गोबर जम्मा भई प्राकृतिकरूपमा बन्ने प्राङ्गरिक मल र अम्लीय माटोमा गुराँस राम्रोसँग सप्रिने मानिन्छ। त्यसै कारणले होला गुराँसका जराहरू पनि माटोको त्यति गहिराइमा नगएर माथिमाथि नै फैलिएको पाइन्छ। साथै यो वनस्पति पानी नजम्ने ठाउँमा राम्ररी हुर्किने गर्छ। गुराँसको बोटको उचाइ, पात, फूल आदिका आकारप्रकार, फूलको झुप्पा, रङ्ग र पातको तल्लो भागमा हुने झुस आदिमा अत्यधिक विविधता पाइने गर्छ।

**उपयोगिता**

अन्य वनस्पतिका फूलहरू कम फुल्ने समयमा गुराँस फुल्ने हुँदा परम्परागतरूपमा पूजाआजा, धार्मिक, सामाजिक कार्यमा पनि यसको फूल प्रयोग गर्ने गरिन्छ। मध्य पहाडदेखि उच्च हिमाली भेगसम्म पाइने गुराँसका विभिन्न प्रजातिका फूल, पात र बोट नै विभिन्न प्रयोजनका लागि उपयोग गर्ने गरिएको पाइन्छ। स्थानीयस्तरमा गुराँसलाई काठ, दाउरा, परम्परागत औषधि, सुगन्धित धूप, फर्निचर, पेय पदार्थ बनाएर प्रयोग गर्ने गरेको पाइन्छ भने लालीगुराँसको फूल (पुष्पदल)को अचार बनाएर खाने गरेको पाइन्छ। फरकफरक प्रजातिका गुराँसका पात, फूल तथा बोक्रा (Bark) मानिस र गाईवस्तुका विभिन्न स्वास्थ्यसम्बन्धी समस्याहरूको उपचारका लागि पनि प्रयोग गर्ने गरिन्छ।

यसरी गुराँस प्रजाति राष्ट्रिय महत्त्वको वनस्पति भएर पनि यो वनस्पतिले उपयुक्त स्थान पाउन सकेको छैन। यससम्बन्धी सोचेजतिको अध्ययन अनुसन्धान हुन नसकेको विज्ञको गुनासो छ। सामान्यतया गुराँसका प्रजातिहरू बोट, पात र फूलमा देखिने फरकका आधारमा पहिचान गर्न सकिन्छ तर विस्तृत अध्ययन अनुसन्धानको अभावका कारणले नेपालमा पाइने प्रजातिहरूको वास्तविक सङ्ख्या र तिनको भौगोलिक वितरणका बारेमा हामीसँग प्रस्ट जानकारी नभएको अवस्था छ।



**संरक्षण तथा व्यवस्थापन**

पहाडी क्षेत्रमा पाइने गुराँसका प्रजातिहरूलाई सम्बन्धित निकायले नीतिगत तहबाट संरक्षण सूचीमा सूचीकृत गरी संरक्षण तथा व्यवस्थापन गरेको नभए तापनि गुराँसका सम्पूर्ण प्रजाति र तिनका वासस्थानहरू कुनै न कुनै रूपमा निकुञ्ज क्षेत्र, संरक्षणका क्षेत्र र राष्ट्रिय तथा सामुदायिक वनभित्र संरक्षित नभएका भने हैनन्।

गुराँसका वासस्थानबाट जडीबुटीलगायत गैरकाष्ठ (Non-Timber) र अन्य वन पैदावारको अवैज्ञानिक र अत्यधिक सङ्कलन, अव्यवस्थित चरिचरण, अव्यवस्थित मोटर बाटो र अन्य निर्माण कार्यहरूको विस्तारका कारण गुराँसको प्राकृतिक वासस्थानको दिगो संरक्षण तथा व्यवस्थापन चुनौतीपूर्ण रहेको छ। त्यसैगरी, ग्रामीण भेगका समुदायहरू अझै पनि काठ र दाउराका लागि लालीगुराँसको रूख र यसको वनमा आश्रित छन्। त्यसैले बहुउपयोगी गुराँसको संरक्षणका लागि वैज्ञानिक व्यवस्थापन अत्यन्त जरुरी देखिन्छ।

**निष्कर्ष**

विभिन्न प्रजातिहरूको उपलब्धता र सङ्ख्याको हिसाबले नेपालको पूर्वदेखि पश्चिम क्षेत्र लालीगुराँसका लागि धनी मानिन्छ। भौगोलिक बनावट र उचाइ अनुसार लालीगुराँसको फूल, पात र बोटमा देखिने विविधताले हाम्रो भाषिक, धार्मिक, सांस्कृतिक र जातीय विविधतालाई प्रतिनिधित्व गर्छ। जसरी हाम्रो देशका विभिन्न ठाउँहरूमा छरिएर रहेका हामी नेपालीको भाषा, मौलिकता, रीतिरिवाज, रहन सहन छन्, त्यसैगरी, १२०० मिटर देखि करीब ३६०० मिटरसम्म पाइने लालीगुराँसमा पनि बोटको आकार, उचाइमा विविधता, रङ्ग, फूलमा विविधता, पातको तल्लो भागमा हुने झुस आदिमा विविधता पाइने गर्छ। लालीगुराँसका प्रजातिमा रहेका विविधताले जो कोहीलाई पनि आकर्षण र मनमोहक गर्ने विशेषता बोकेको छ। त्यतिमात्र नभएर अन्य फूलहरू कम फुल्ने समयमा गुराँस फुल्ने हुँदा परम्परागतरूपमा धार्मिक, पूजाआजा, सामाजिक काममा यसको फूल प्रयोग गर्ने गरिन्छ। गुराँस स्थानीयस्तरमा परम्परागत उपयोग, विभिन्न प्रजातिका फूल, पात र बोट नै विभिन्न प्रयोजनका लागि उपयोगका साथै सजावटमा समेत प्रयोग हुँदै आएको पाइन्छ। त्यसैले लालीगुराँस हाम्रो राष्ट्रिय फूल मात्र नभएर हाम्रो सांस्कृतिक, धार्मिक, भाषिक र जातीय विविधताको पनि सूचक हो।

(लेखिका नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका वैज्ञानिक अधिकृत हुन्। स्रोतः विज्ञान लेखमाला)

# धर्मपक्षी

एकपटक नारदको नन्दनवनमा देवराज इन्द्रसँग भेट भयो। नारद त्यहाँ पुग्ने बित्तिकै इन्द्र उभिएर निकै आदरका साथ आफ्नो सिंहासन नारदलाई बस्न दिए। त्यहाँ उभिएका अप्सराहरूले पनि देवर्षि नारदप्रति विनीत भावले मस्तक झुकाए। उनको आदर सत्कार गरियो।

कुराकानीको क्रममा इन्द्रले महामुनि नारदलाई भने- देवर्षि ! यी अप्सराहरूमध्ये तपाईंलाई जुन सबैभन्दा सुन्दर र प्रिय लाग्छ, त्यसलाई आज्ञा दिनुहोस्, उनी तपाईंको समक्ष नाच्ने छिन्। रम्भा, मिश्रकेशी, उर्वशी, तिलोत्तमा, घृताची अथवा मेनका जसमा तपाईंको रुचि छ, उसको नृत्य हेर्न सक्नुहुन्छ।

इन्द्रको कुरा सुनेर नारद विनयपूर्वक उभिए र केही सोचेर उनले अप्सराहरूलाई भने- तपाईंहरूमध्ये जो आफूलाई रूप र उदारताको गुणमा सबैभन्दा श्रेष्ठ मान्छ, उसैले मेरोअगाडि नृत्य गर्नुपर्छ।

नारदले यति भनेपछि त्यहाँ अप्सराहरूबीच बहस हुन थाल्यो कि सबैभन्दा योग्य को छ। देवराजले बुझे कि नारदसँग मैले बेकारमैं प्रश्न सोधें। यहाँ नृत्य होइन, अन्य केही हुनेवाला छ।

त्यसपछि नारदले सय समस्याको समाधान गर्दै भने यस समस्यालाई सुल्झाउन मसँग एउटा उपाय छ। उनको कुरा सुनेर अप्सराहरू खुशी भए। तब नारदले भने यहाँभन्दा केही टाढा दुर्वासाजी आएका छन्। जो अप्सराले उनको अगाडि नाचेर उनलाई खुशी पार्छन्, त्यही श्रेष्ठ कहलाउने छ।

ऋषि दुर्वासाको नाम सुन्ने बित्तिकै सबै अप्सराले अस्वीकार गरे तर एक वपु नामक अप्सराले यस चुनौतीलाई स्वीकार गरिन् र उनी दुर्वासाकहाँ रिझाउन पुगिन्। अन्ततः ऋषि दुर्वासाले त्यस अप्सराको हरकत हेरेर उनलाई १६ वर्षसम्म पक्षी बन्ने श्राप दिए। दुर्वासाले भने यस दौरान उनको चारवटा बच्चा पनि हुनेछ तर त्यसको वध एउटा शस्त्रद्वारा भएपछि पक्षी आफ्नो बच्चादेखि छुट्टिन्छ र त्यसपछि अप्सरा श्रापबाट मुक्त हुनेछिन्।

त्यसपछि त्यो पक्षी अर्जुनको बाणबाट मरेको थियो र त्यस पक्षीको चारवटा बच्चा धर्मपक्षीको नामबाट विख्यात भएका थिए।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

ओशोको प्रवचनमा एउटा प्रसङ्ग आउँछ, सन्त कबीर जीवनभरि बनारसमा गङ्गा किनारमा बस्नुभयो । मर्ने बेला मगहर भन्ने गाउँमा गएर बस्नुभयो र त्यही उनको मृत्यु भयो। सन्त कबीरलाई मगहर गएर बसेको देखेर मानिसले सोधे- हजुरले यो के गर्नुभएको ? किनकि त्यहाँ एउटा मान्यता प्रचलित थियो कि मगहरमा जो मर्छ, उसले अघिल्लो जन्ममा गधा भएर जन्मिनुपर्छ। जसको काशीमा मृत्यु हुन्छ, उसलाई स्वर्ग प्राप्त हुन्छ । उसको निश्चित मुक्ति हुन्छ।

यस्तो मान्यतालाई उहाँले कटाक्ष गर्नुभयो । उहाँले भन्नुभयो- यदि तीर्थ स्थानको प्रतापले मेरो मुक्ति हुन्छ भने यस्तो मुक्ति मलाई चाहिएन । अरूले दिएको मुक्ति साँचो अर्थमा मुक्ति नै होइन। म मगहरमा गएर मुक्त भएँ भने मात्र मेरो साँचो मुक्ति हुनेछ । सन्त कबीर यो घटनाको माध्यमले हामीलाई कुनै पनि पागलपनमा नपर्न, कुनै विशेष स्थानमा बस्नु वा मर्नुले कसैको पनि मुक्ति हुँदैन भनेर भन्न खोज्नुभएको छ। उहाँले भन्न खोज्नुभएको छ, हाम्रो अन्तर्आत्मा कस्तो भावदशामा छ, त्यो महत्त्वपूर्ण छ ।

ओशो भन्नुहुन्छ- बाहिरको परिस्थिति हैन, आफूभित्रको मन:स्थिति बदल्नुस् । आफ्नो मन धुनुस् । हृदयलाई सफासुग्घर गर्नुस् । यो सबै ध्यानद्वारा नै हुन सक्छ । किनकि यदि नुहाउनु नै छ भने आफूनोभित्रको गङ्गामा स्नान गर्नुस् । बाहिरको गङ्गाले यो काम गर्दैन । यो कुरालाई खूब राम्रोसँग बुझ्नु कि ओशो जब कुनै चीजको विरोध गर्नुहुन्छ, तब त्यो विरोध धेरै सकारात्मक हुने गर्छ । भित्र समाधिमा डुल्नोस्, समाधिमा स्नान गर्नुस्, तब तपाईंको अन्तर्आत्मा ताजा रहनेछ, प्रफुल्लित रहनेछ, फूल खिलेजस्तै खिल्नेछ । यही डुबकी नै परमात्मामा डुबकी हो । गङ्गास्नानले यो काम गर्न सक्दैन । यो कार्य हामी स्वयंले आफैंभित्र गर्नुपर्छ ।

तर पनि बाहिरका जुन चीजहरू छन्, यिनीहरूको पनि महत्त्व छ। यी चीजहरू बिल्कुल निरर्थक भने छैनन्। उदाहरणको लागि गङ्गालाई लाखौं करोडौं मानिसले माताको दर्जा दिएका छन । जब गङ्गामा भावपूर्वक कोही स्नान गर्न जान्छ भने उसको अचेतन दिमागको यस धारणाको कारणले उसको हृदयको शुद्धीकरण पनि सम्भव छ। तीर्थ स्थानमा लाखौं मानिस त्यो विशिष्ट ऊर्जा क्षेत्र मानेर गइरहेका छन् । उनीहरूको यस मान्यताले गर्दा उनीहरूको सम्मोहनको कारणले गर्दा त्यो क्षेत्र विशिष्ट ऊर्जा क्षेत्र बन्छ । उनीहरूको यो भावदशा नै उनीहरूलाई ध्यानमा डुबाउन सहयोगी हुन्छ । तीर्थ स्थानको पनि हामी उपयोग गर्न सक्छौं ।

ओशोले प्रत्येक चीजको वैज्ञानिक व्याख्या गर्नुभएको छ । उहाँले सार्थक चीजलाई सार्थक र निरर्थक चीजलाई निरर्थक बताउनुभएको छ। परम्परादेखि प्रतिष्ठित कुराहरूमा गूढ अर्थ लुकेको हुन्छ। यदि हामीले त्यो भावार्थलाई पक्डिन सक्यौं भने ती चीजहरू पनि हाम्रो लागि सार्थक हुन पुग्छन् । त्यो चीज सार्थक पनि हुन सक्छ र निरर्थक पनि हुन सक्छ, दुवै कुरा हामीमै निर्भर छ । यदि कुनै व्यक्ति केवल क्रियाकाण्डको रूपमा गङ्गास्नान गरिरहेको छ, ऊभित्र कुनै विशेष प्रकारको भाव छैन भने उसलाई गङ्गास्नानबाट केही फाइदा हुँदैन । यसै सन्दर्भमा सन्त कबीरले एउटा मजाक गर्नुभएको छ । उहाँ भन्नुहुन्छ- गङ्गामा धेरै थरीका माछा, भ्यागुता तथा गोही बस्ने गर्छन् । यदि तिमीले दुई मिनेट डुबुल्की मारेर स्वर्ग प्राप्त गर्न सक्छौ भने ती जलचर जीवहरू माछा, भ्यागुता तथा गोहीलाई त पक्का स्वर्ग प्राप्त हुनेछ। उनीहरू त जन्मदेखि नै त्यही जलमा छन्। उनीहरू त्यही जलमा जन्मे, त्यही जलमा बढे, त्यही जलमा मर्नेछन् । सन्त कबीर मजाक गरिरहनुभएको थियो कि कर्मकाण्डको रूपमा तिमी गङ्गास्नान गर्छौ भने त्यसको केही महत्त्व छैन । तर भावपूर्वक गर्नुभयो भने कुरा अर्कै हुन्छ । असली फरक गङ्गाको पानीले हैन, भावले फरक पार्छ ।

वैज्ञानिक ढङ्गले चिन्तन गर्यौं भने हामीलाई थाहा हुन्छ कि रूपान्तरण गङ्गाजलले हैन, हाम्रै भावनाले गरेको हो। यदि यस्तो भावना राखेर हामी हाम्रै बाथरूममा नुहाउँछौं भने पनि परिवर्तन घटित हुनेछ । फेरि गङ्गास्नान गर्न काशी पुगिरहनुपर्ने छैन । उहाँले नै भन्नुभएको छ- मन चङ्गा तो कठौती मे गङ्गा ।

मानिसहरूको ठूलो जमात सम्मोहनमा बाँचिरहेको हुन्छ। यो सम्मोहनको सदुपयोग गर्न सकिन्छ । धेरै तीर्थस्थलमा विशिष्ट ऊर्जा क्षेत्र निर्मित गरिएका हुन्छन् । सयौं सन्त त्यस ठाउँमा बस्छन् । उहाँहरूको ऊर्जा तथा उहाँहरूको आशिष त्यहाँ वर्षिरहेको हुन्छ । सन्तका हजारौं लाखौं शिष्यले त्यहाँ साधना गरेका हुन्छन्। त्यो ठाउँ उनीहरू सबैको ऊर्जाले भरिभराउ हुन्छ । विश्वका सबै धर्मले विशिष्ट तीर्थस्थान निर्मित गरेका छन् । मानिसलाई त्यहाँ पुगेपछि विशिष्ट भावमा पुग्न सजिलो हुन्छ । त्यो ठाउँमा विशिष्ट प्रकारको तरङ्ग मौजुद हुन्छ । यदि त्यहाँ नयाँ साधक गयो भने पनि त्यहाँको तरङ्गले ऊ तरङ्गित हुन्छ ।

ओशोको "मै कहता आँखन देखी" नामक पुस्तकमा विभिन्न प्रवचनहरू सङ्कलित गरिएका छन् । त्यस पुस्तकमा तीर्थस्थानहरूको, मन्दिरहरूको, टीका तथा तिलकको, माला तथा विभिन्न धार्मिक अनुष्ठानहरूका पछाडि लुकेको विज्ञानलाई उजागर गरिएको छ । यसमा मन्दिर तथा तीर्थहरूलाई पूरा व्यर्थ छन् भनिएको छैन । तर ९९ प्रतिशत नासमझ मानिसहरूको लागि भने मन्दिर तथा तीर्थ व्यर्थ छन् भनिएको छ । उनीहरू केवल मनोरञ्जनको लागि मन्दिर तथा तीर्थस्थलहरूमा जाने गर्छन् भनिएको छ। उनीहरूको मनमा स्वर्ग जाने एउटा लोभले घर गरेको हुन्छ । यो उनीहरूको निरर्थक धारणा हो । क्रमशः

## राम्रो स्वभाव सबैलाई मनपर्छ

- बैधनाथ महतो कुशवाहा

हामीबाट दुःख नहोस् कसैको
यो सोच रहोस् सबैको
न हानि होस्, न नोक्सानी होस्
न हामीबाट कसैले रुनु परोस्
हामी मानव भएर मानवतामा रहौं
ईश्वरले हामीलाई यस्तो बुद्धि दिऊन्
हामी कसैको छहारी बनौं
छहारी भएर शीतलता दिऔं
सेवाभाव हामीमा सधैं रहोस्
जीवनको लक्ष्य हाम्रो यस्तै बनोस्
सबैको भलो सबैको कल्याण
मानव मात्रको असल काम
छलकपटरहित सत्य सदाचार
सबको साथ सरल व्यवहार
राम्रो गुण सबैलाई मनपर्छ
राम्रो बानीबेहोराले सबैलाई खुशी पार्छ
- कलैया उपमनपा-२५, ढोढिया

## माता सीताका कतिवटा बहिनी थिए ?

माता सीताका तीनवटा बहिनी थिए, जसको नाम उर्मिला, माण्डवी र श्रुतकीर्ति थियो । यी सबै राजा जनककी छोरी थिइन् र यिनीहरूको उल्लेख रामायणमा छ ।

**१. उर्मिला:** माता सीताकी सबैभन्दा कान्छी बहिनी थिइन्, जसको विवाह लक्ष्मणसँग भएको थियो । उनले रामायणमा वनवासकालमा आफ्नो पति लक्ष्मणको लागि विशेष त्याग गरेकी थिइन् ।

**२. माण्डवी:** भरतकी पत्नी माण्डवीको बारेमा रामायणमा उल्लेख छ ।

**३. श्रुतकीर्ति:** शत्रुघ्नकी पत्नी थिइन् । जो रामका सबैभन्दा सानो भाइ थिए ।

# साइकोफर्माकोलोजी वा मनोभेषज विज्ञान–३

स्वास्थ्य चर्चा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

पाठकवृन्द आज मुडस्टेबलाइजरको बाँकी औषधि भाल्प्रोएट र कार्बामाजिपिनको वर्णनको साथै साइकोट्रोपिकको अर्को वर्गीकरण एन्टिएंग्जाइटी ड्रगहरूको वर्णन गरेर यो अध्याय सकिने छ ।

**भाल्प्रोएट :** यो नयाँ औषधि हो, जसको उपयोग पहिलोपटक मैनियाको उपचार र बाइपोलर रोकथामको लागि गरिन्छ। मेंडलरले एन्टिइपिलेप्टिकको रूपमा पहिचान र प्रयोग गरे तथा लेम्बर्टले १९६६ मा भाल्प्रोमाइड एन्टिमैनिक पनि हो भन्ने रिपोर्ट गरे । यसको सबै रूपलाई प्रायः भाल्प्रोएट भनिन्छ जुन हामीकहाँ निम्नलिखित रूपमा पाइन्छ : सोडियम भाल्प्रोएट, डाइभाल्प्रोएक्स (एन्टेरिक कोटेड, स्टेबल, कोर्डिनेशन टैबलेट कम्पाउन्ड कम्पोज्ड आफ सोडियम भाल्प्रोएट र भाल्प्रोइक एसीड इन १:१ मोलर रिलेशनसीप), क्रोनो प्रिपेरेशन (एन्टेरिक कोटेड कम्पाउन्ड कम्पोज्ड आफ सोडियम भाल्प्रोएट र भाल्प्रोइक एसिड इन ३:२ रेसियो) । मान्छेको वजन अनुसार मैनियामा यसको खुराक २० देखि ३० मिलीग्राम प्रतिकिलो हो । असरको लागि रगतमा यसको स्तर ५० देखि १५० माइक्रोग्राम प्रतिमिली हुनुपर्छ । भाल्प्रोएट निम्नलिखित रोगमा दिइन्छ : १. बाइपोलर डिजार्डर २. न्युरोलाजिकल डिजार्डर ३. अन्य डिजार्डर ।

१. एक्युट मैनिया- ड्रग एब्युज र अन्य साइकियाट्रिक डिजार्डरको प्राथमिक उपचारमा, वयवृद्धिमा हुने सानो कालको बिमारी । लिथियमको प्रभाव घटेमा डिस्फोरिक मैनिया अर्थात् मैनिया र डिप्रशन दुवै सँगै भएको, मिश्रित एफेक्टिभ इपिसोड र रेपिड साइक्लिड डिजार्डर- एक वर्षभित्र मैनियाको दौरा चारपटक हुने । यसबाहेक रोकथामको लागि भाल्प्रोएट मैनियामा प्रयोग हुन्छ । पछि व्ययस्थापनमा अप्ठ्यारो पर्दा लिथियम पनि दिनुपर्छ । यसबाहेक डिस्फोरिक मेनिया लिथियम रेसिस्टेन्ट हुन्छ । त्यहाँ भाल्प्रोएटले राम्रो काम गर्छ र रैपिड साइक्लिङ मेनियामा पनि असरदार हुन्छ ।

२. न्युरोलोजिकल डिजार्डर : माइग्रेन र पेन सिंड्रोम, जहाँ भाल्प्रोएट रोगथामको लागि प्रयोग गरिन्छ र त्यसको एक्युट स्टेज कम गर्नको लागि यसैलाई नसाबाट दिइन्छ । त्यस्तै ट्राइजेमिनल न्युराल्जिया, जुन अनुहारमा हुने दुःखाइ हो जुन एक्कासि आउँछ र केही सेकेन्डमा समाप्त पनि हुन्छ र न्युरोपैथिक दुःखाइको मतलब एक साथ कतिपय नर्भको दुःखाइमा यसको प्रयोग हुन्छ । सिजर डिजार्डरमा जसका धेरै प्रकार हुन्छन् जसमा ग्रेंडमाल, पेटिटमाल,सिम्पल र कम्प्लेक्स पार्सियल मायोक्लोनिक मतलब मांसपेशी फरफराउनु, टिटेनिक मतलब एक साथ सारा शरीरको मांसपेशीको अनैच्छिक सङ्कुचन, जसमा यस्ता असह्य दुःखाइ हुन्छ कि रोगीको मृत्यु समेत हुन सक्छ जुन टिटेनस रोगमा देखिन्छ, क्लोनिक सिजर मतलब हात र खुट्टाको जर्किङ गति मुख्य हो । सबैमा भाल्प्रोएट एक्लै वा अन्य औषधिका साथ पनि दिन सकिन्छ ।

३. अन्य डिजार्डर : डिमेन्सियाजनित आवेग, मेन्टल रिटार्डेशनले हुने व्यवहार विकृति, चालचलनमा कडा खाले गडबडी, अल्कोहल विथड्रवल, पैनिक र बोर्डर लाइन पर्सनालिटि डिजार्डरमा पनि भाल्प्रोएटले काम गर्छ । एस्पिरीन, सिमेटिडिन, ब्रुफेन, इरिथ्रोमाइसिन, फ्लुऐक्सिटिन, फ्लुभोक्सामिन, फिनोथायोजिन आदि । यी रोग घटाउने कार्बामाजिन, फेनिटोयन जुन छारे रोगको औषधि हो, फेनोबार्बिटल, इथुक्सोमाइड, रिफाम्पिसीन, मेफ्लोक्विन आदि ।

कार्बामाजिपिन : यो पनि लिथियम र भाल्प्रोएटजस्तै एन्टिमैनिक र मुडस्टेबलाइजर औषधि हो । यो लिथियम भन्दा छिटो तर भाल्प्रोएटभन्दा सुस्त काम गर्छ । यसको उपयोग तीन वर्गमा बाँडिएको छ : १.सिजर डिजार्डर अर्थात छारेरोग २. साइकियाट्रिक डिजार्डर ३. पारोक्सिसमल पेन डिजार्डर अर्थात् छाला रातो तातो भएर अतिशय दुख्ने गर्छ । यसको रूप कम्प्लेक्स पार्सियल सिजर, जेनरलाइज्ड टोनिक क्लोनिक सिजर, रमफिट, रम खाएपछिको मूर्छा वा सामान्य अल्कोहलिक विथड्वल । दोस्रो: बाइपोलर मुड डिजार्डर, लिथियम रिफ्रेक्टरी र लिथियम सहन नसक्ने बिरामीमा रोकथामको लागि, एक्युट मैनिया, मुख्यतः कडा र डिस्फोरिक मैनियाको उपचारमा, एक्युट डिप्रेशनमा एन्टिडिप्रेसेन्ट वा एक्लै पनि उपचारार्थ, संवेगी डिजार्डर र आक्रामकतामा, मैनिया जसमा छारे रोग पनि छ भने स्किजोएफेक्टिभ डिजार्डर अर्थात् जसमा सिजोफ्रेनियाका लक्षण हालिसिनेशन वा डेल्युजन तथा मूड डिजार्डर जस्तै मैनिया वा डिप्रेशन एक साथ हुन्छ, बोर्डरलाइन पर्सनालिटि डिजार्डर र कोकेन विथड्वल ३. तेस्रो पारोक्सिसमल पेन सिंड्रेममा पर्छ : ट्राइजेमिनल न्युराल्जिया, फेन्टम लिम्ब पेन अर्थात् हात वा खुट्टा झिकिदिए पनि नभएकोमा पनि भएजस्तै दुख्ने तथा अन्य न्युराल्जियामा कार्बामाजिपिनको प्रयोग हुन्छ । कार्बामाजिपिनको साइड इफेक्ट निम्नलिखित छ : डिप्लोपिया अर्थात् एउटा वस्तुलाई दुईटा देख्ने डबल भिजन, ड्राउजिनेस अर्थात् लठ्ठ पर्ने, डिजिनेस अर्थात एक प्रकारको चक्करजस्तो स्थिति, वाकवाकी र वान्ता, एटेक्सिया अथवा असन्तुलित हिंडाइ, स्किनरैस, स्टिभेन जोन्सन सिंड्रोम, फोटोसेन्सिभिटी अर्थात् अल्ट्राभायलेट किरणप्रति अधिक संवेदनशीलता, कोलेस्टेटिक जान्डिस, एक्युट ओलिग्युरिया अर्थात एक्कासि पिसाब बन्द हुनु र हाइपरटेन्सन, ल्युकोपेनिया अर्थात श्वेत रक्तकणको कमी, थ्रोम्बोसाइटोपेनिक परपुरा अर्थात् थोम्बोसाइटको कमीले छालाभित्र रगत देखिने । कडा रूपको साइडइफेक्ट- बोनमैरो डिप्रेशन, जसले गर्दा रक्तकण बन्न पाउँदैन, एप्लास्टिक एनेमिया, सिभिएस कोलेप्स मतलब हृदयगति बन्द हुने आदि । यसकारण यसबाट उपचारको क्रममा हृदय, मिर्गौला, कलेजो र बोनमैरोको जाँच गरिराख्नुपर्छ । गर्भवती र दूध खुवाउने आमामा यो पनि वर्जित छ। अब साइकोट्रोपिक औषधिको चौथो वर्गीकरणमा जसको नाम हो एन्टिएंग्जाइटी र हिप्नोसिडेटिभ औषधिहरू ।

एन्टिएंग्जाइटी र हिप्नोसिडेटिभ (चिन्ताहरण र सम्मोहित गर्ने औषधि)- एन्टिएंग्जाइटी औषधि ती हुन् जसको प्रयोगले मान्छे चिन्तामुक्त हुन्छ । यसलाई माइनर ट्रंक्विलाइजर वा एंग्जियोलाइटिक औषधि पनि भनिन्छ । नेपालीमा यसलाई चिन्ताहरण वा चिन्तानिग्रह भन्न सकिन्छ । यसका निम्नलिखित प्रकार छन् : १. बार्बिचुरेट २.ननबार्बिचुरेट वा ननबेन्जोडाइजिपिन एन्टिएंग्जाइटी एजेन्ट ३. बेन्जोडाइजिपिन्स ४. न्युअर अथवा नयाँ औषधिहरू । क. लामो अवधि अथवा ८ घण्टाभन्दा बढी समयसम्म काम गर्ने, जसमा छ फिनोबार्बिटल ख. कभन्दा कम अवधिसम्म काम गर्ने । एमोबार्बिटल, पेन्टोबार्बिटल ग.सानो अवधिसम्म काम गर्ने (१ घण्टादेखि ५ घण्टासम्म)- सेकोबार्बिटल घ. अल्ट्रा सोर्ट एक्टिङ) १ घण्टाभन्दा कम अवधिसम्म) जसमा पर्छ- थायोपेन्टोन र मिथोक्सिहेक्सिटल । आजभोलि बार्बिचुरेट ग्रुपको औषधि प्रयोग गरिदैन किनभने धेरै साँड इफेक्ट हुन्छ । यथा-अत्यधिक सुन्ने, फोक्सो,मुटु र कलेजोमा विषाक्तता, लत लाग्ने,विथड्वल सिंड्रोम र सुसाइड गर्ने घटना देखियो । ननबार्बिचुरेट वा ननबेन्जोडाइजिपिन : क. कार्बामेट : मेप्रोबामेट, टाइबोमेट, केरिसोप्रोडोल ख. पिपरिनडियोन : ग्लुटेथेमाइड ग. अल्कोहल : इथानोल, क्लोरल हाइड्रेट, इथक्लोरोभिनोल घ. क्विनाजोलिन डेरिभेटिभ : मेथएक्वालिन जसलाई बाजारु बनाएर एब्युजको रूप दिइएकोले प्रयोग गरिदैन । च.: एन्टिहिस्टामिनिक : डाइफेनहाइड्रामिन, हाइड्रोक्सिजिन र प्रोमिथाजिन जुन पहिले र प्रायः मेथएक्वालोन र डाइजिपामसँग प्रयोग गरिन्छ । तर यी सबैलाई सिडेटिभको रूपमा मात्र प्रयोग गरिन्छ । छ. साइक्लिक इथर : पारल्डिहाइड जुन लत लाग्ने भयले प्रयोग गरिदैन । ज. अन्य- थायोरिडाजोन जुन एउटा एन्टिसाइकोटिक औषधि हो तथा डोक्सिपिन जुन एन्टिडिप्रेसेन्ट औषधि हो, पर्छ । यी दुवैलाई एन्टिएंग्जाइटीको रूपमा प्रयोग गरिदैन तर कहिलेकाहीं अरू एन्टिएंग्जाइटी औषधिहरूले काम नगर्दा प्रयोग गरिन्छ । झ. बिटा ब्लोकर : यसको उदाहरण हो प्रोप्रानोलोल, जुन चिन्ताले उत्पन्न शारीरिक लक्षण, जसमा रोगी चिन्तित हुन्छ तर भन्दैन, बरु दुख्ने र कमजोरी आदि लक्षणमा जोड दिन्छ, प्रयोग गरिन्छ । यो परिस्थितिजन्य र एन्टिसिपेटरी चिन्ता, मतलब रोगी बेमतलब भविष्यको चिन्ता गरिरहन्छ, मा दिइने पहिलो छनोटको औषधि हो । यसलाई एक्लै वा बेन्जोडाइजिपिनका साथ पनि प्रयोग गरिन्छ र अहिले पनि यसमा खोज चलिरहेको छ । ३. तेस्रो ग्रुपमा छ बेन्जोडाइजिपीन : यो चिन्ता र अनिद्राको पहिलो छनोटको औषधि हो । यसको निम्न अवस्थामा प्रयोग गरिन्छ यथा- जेनरलाइज्ड एंग्जाइटी, चिन्तित मूडको साथ एडजस्टमेन्ट डिजार्डर, पैनिक डिजार्डर, एगारोफोबिया, स्कूलफोबिया, एजिटेटेड डिप्रेशन, अनिद्रा, एन्युरेसिस अर्थात् ओछ्यानमा पिसाब गर्ने, निद्रामा हिंड्ने, राति भयानक सपना देख्ने, सर्जरी गर्दा बेहोश गर्नु पहिले, कन्भल्शन, टिटेनस, सिरेब्रल पेल्सी, अल्कोहल र अन्य ड्रग विथड्वल सिंड्रोम, सानोतिनो सर्जरी, इन्डोस्कोपी र बच्चा जन्माउने प्रक्रिया, मेनिया, एनेस्थेसिया, एक्युट साइकोसिस, नार्को टेस्ट, रेसिस्टेन्ट सिजोफ्रेनिया, तर हाइ डोज र साइकासोमेटिक अथवा मनोशारीरिक डिजार्डर आदि । यसैले थाहा हुन्छ कि यो औषधि वर्गले कति काम गर्छ र किन अरू औषधिलाई विस्थापित गर्न पुग्यो र यसले कसरी मनोचिकित्साको नयाँ ढोका खोल्यो । तर यसलाई एक पटकमा ६ महीनाभन्दा बढी प्रयोग गर्नु हुँदैन किनभने त्यसले बानी पर्छ, टोलरेन्स अथवा औषधिको सहने शक्ति बढेर जान्छ । यसको साइड इफेक्ट- वाकवाकी, वान्ता, चक्कर आउने, छाती र पेटको बीच भागमा दुख्ने जसलाई इपिगैस्ट्री पेन भनिन्छ, पखाला चल्ने, आँखा तिरमिराउने र धमिलो देखिने, मुख सुखा हुने र विथड्वल सिंड्रोम हो ।




४. चौथो वर्गमा छ अझ नयाँ औषधि छन् बुसपिरोन, जोपिक्लोन, जोल्पिडेम, जालिप्लोन र अन्य । यसको साइड इफेक्ट-हलुका वाकवाकी, हेडेक र मुख सुखा मात्र हुन्छ, बानी वा लत लाग्दैन । तर पनि बच्चा र गर्भवतीमा यसको सुरक्षा निश्चित छैन । यो खाएपछि एटेन्सन, एलर्टनेस आदिमा कुनै कमी हुँदैन, रोगीले राम्रो महसुस गर्छ । यस कारणले बेन्जोडाइजिपिनभन्दा यसको स्थान माथि छ । तेस्रो जोल्पिडेम इमिडाजोपाइरिडिन डेरिभेटिभ हो । यसको असर केवल २ देखि ३ घण्टासम्म मात्र रहन्छ र सम्मोहनको लागि मार्केटिङ गरिएको छ। यस कारण यसको प्रयोग निद्राको शुरूआत गर्न गरिन्छ, जसलाई इनिसियल इन्सोम्निया भनिन्छ । यसको पनि साइड इफेक्ट वाकवाकी र मुख सुखा हुने मात्र हो । यो पनि एकचोटिमा दुई सप्ताहभन्दा बढी दिइँदैन । चौथो हो जाल्पिलोन जुन पाइरोजोलोपाइरिडिन डेरिभेटिभ हो, जसलाई पनि हिप्नोसिसको लागि मार्केट्रि गरिएको छ । यो पनि इनिसियल अनिद्रामा प्रयोग गरिन्छ । जिएबिए कम्प्लेक्स रिसेप्टरमा मेगा : १,२,३ रिसेप्टर कम्प्लेक्स हुन्छ । बेन्जोडाइजिपिन नभए पनि यसले मेगा : १ रिसेप्टरमा नै काम गर्छ । वाकवाकी, वान्ता, मुख सुखा हुने र मांसपेशीको दुःखाइ यसको साइड इफेक्ट हो । बच्चा र गर्भवतीमा यसको पनि सुरक्षा प्रमाणित छैन । एकचोटिमा दुई सप्ताहभन्दा बढी दिइँदैन । अन्यमा- सुरिक्लोन, ब्रिटाजेनिल, इमिडाजेनिल र एबिकार्निल तथा एल्पिडेम । यी सबै नयाँ बनेका मुख्यत: एंग्जियोलाइटिक औषधि हुन् । अस्तु !

## जानकारी

- बेनजाई स्काई डाइभिङ एउटा सत्य खेल हो, जसमा व्यक्ति हवाईजहाजबाट पहिले आफ्नो पारासुट फाल्छ, त्यसपछि त्यसलाई समात्न हाम फाल्छ ।
- लाइटरको अविष्कार सलाईभन्दा पहिले भएको थियो ।
- हाम्रो ओठमा पसिना आउँदैन ।
- पानीभित्र सबैभन्दा बढी समयसम्म सास रोक्ने कीर्तिमान २४ मिनेटको छ ।
- मानिसलाई आपत् परेको बेला सल्लाहको साटो मायाको आवश्यकता पर्छ । यस्तो समयमा सहारा दिनुस्, बढी सल्लाह होइन ।
- आकाशबाट खसेको चट्याङ, सूर्यभन्दा तीन गुना बढी तातो हुन्छ ।
- आइन्स्टाइनको जन्मेको बेला टाउको निकै ठूलो थियो । चार वर्षपछि पनि उसले बोल्न सकेको थिएन । तर एक दिन जब आइन्स्टाइन चार वर्षभन्दा बढी उमेरको भयो, तब राति खाना खाने समयमा आइन्स्टाइनले भनेका थिए- सुप निकै तातो छ । छोराले यसरी बोलेको सुनेर आमाबुबा निकै अचम्ममा परेका थिए ।
- सन् १९२९ मा पारले जी कम्पनीको सुरुआत भएको थियो भने सन् १९३९ मा पारले जी बिस्कुटको उत्पादन शुरू भएको थियो ।
- भास्कराचार्यले खगोलशास्त्रको सयौं वर्ष पहिले धर्तीद्वारा सूर्यको चारैतिर चक्कर लगाउने समयको सही गणना गरेका थिए ।
- मध्यकालीन इतिहासमा अत्यन्त सम्पन्न विजयनगर शहरमा अब कोही बस्दैन । यो नगर हम्पी खण्डहरको नामले प्रसिद्ध छ ।

# अन्तर्राष्ट्रिय समाचार

## यौन दुर्व्यवहारको १९ वटा आरोप खेपिरहेका मेयरद्वारा राजीनामा

टोकियो, १८ फागुन/एफपपी

सामाजिक सञ्जालमा यौन उत्पीडनको १९ वटा आरोप खेपिरहेका जापानी नगर प्रमुख (मेयर) ले शुक्रवार राजीनामा दिएका छन् ।

एक आधिकारिक अनुसन्धानले मध्य गिफु क्षेत्रको गिनान शहरका मेयर हिदेओ कोजिमामाथि सहकर्मीको स्तन र नितम्ब छुनेलगायत विभिन्न उत्पीडनका कार्यहरू गरेको आरोप लगाएको छ ।

पत्रकारका अगाडि आँसु पुछ्दै आरोपले आफ्नो बदनामी भएको र आफ्ना भाइले हप्काएको बताएको एक दिनपछि बिहीवार ७४ वर्षीय कोजिमाले राजीनामा दिने बताएका हुन् ।

उनले एउटा स्वतन्त्र समितिको प्रतिवेदनमा उल्लिखित केही आरोपको खण्डन गरेका छ जसमा उनले महिला कर्मचारीलाई पनि पदीय मर्यादाविपरीत अङ्गालो हाल्ने गरेको आरोप पनि लगाइएको छ ।

"उनले टेलिभिजनसँगको संवादमा भने–"मैले त्यसो गरेको थिइनँ, मेरो हाउभाउ अँगालो हालेकोजस्तो देखिन सक्छ, तर अँगालो हालेको होइन ।"

"प्रतिवेदनमा तटस्थताको अभाव छ र म चाहन्छु कि उनीहरूले थप सावधानीपूर्वक अनुसन्धान गरून्"–उनले भने ।

प्रसारक एनएचकेका अनुसार कोजिमाले सम्पूर्ण रिपोर्ट पढि नसकेको बताएका छन् ।

रिपोर्टमा नगर प्रमुखले 'आफ्नो ट्राउजर माथि सार्दै कर्मचारीलाई खुट्टा छुन भन्ने गरेको, केही कामदारहरूले छोएपछि कीटाणुनाशक स्प्रे प्रयोग गर्ने गरेको र अनुचित टिप्पणीहरू गर्ने र कर्मचारीहरूलाई झुक्न लगाउनेजस्ता कार्यहरू गर्ने गरेको' आरोप लगाइएको छ ।

मङ्गलवार आफ्नो पद छोड्ने बताएका कोजिमाविरुद्ध सार्वजनिक रूपमा कुनै फौजदारी मुद्दा चलाइएको छैन ।

साप्ताहिक शुकान बुनशुन पत्रिकामा प्रकाशित समाचारपछि शुरू गरिएको अनुसन्धानमा मेयरले महिला कामदारको टाउकोमा पटकपटक छुने गरेको उल्लेख छ । कोजिमाले यसलाई 'कृतज्ञता व्यक्त गर्न' का लागि गरिएको कार्य बताएका छन् ।

यो समाचार शुक्रवार सामाजिक सञ्जाल एक्समा ट्रेन्डिङमा परेको थियो । समाचारबारे धेरै प्रयोगकर्ताहरूले आक्रोश



राजीनामा बुझाउँदै मेयर । तस्वीरः जिजी

व्यक्त गरेका थिए ।

छानबीनका क्रममा समितिले कोजिमा नगरपालिकाका १९३ जना कामदारबीच सर्वेक्षणसमेत गरेको थियो ।

सर्वेक्षणमा सहभागी १६१ जनामध्ये ५३ प्रतिशत पुरुष र ५८ प्रतिशत महिलाले मेयरले आफूहरूलाई असहज महसूस गराउने काम गरेको बताएका थिए ।

जापानमा विश्वव्यापी बनिसकेको 'मी टू आन्दोलन'ले गति लिएको थिएन । यहाँ धेरै पीडितहरू अगाडि आउन निकै डराएका छन् तर पछिल्लो समय एकाध उच्च–ओहोदासँग सम्बन्धित मुद्दाहरू सार्वजनिक हुन थालेका छन् । रासस

## ढाकामा आगलागी हुँदा कम्तीमा ४३ जनाको मृत्यु

ढाका, १८ फागुन/सिन्ह्वा

बङ्गलादेशको राजधानी ढाकाको एक अग्लो भवनमा बिहीवार राति आगलागी हुँदा कम्तीमा ४३ जनाको मृत्यु भएको छ ।

बङ्गलादेशका स्वास्थ्य तथा परिवार कल्याणमन्त्री समान्तलाल सेनले शुक्रवार बिहान सिन्ह्वासँगको कुराकानीमा घटनाको पुष्टि गरेका छन् ।

उनका अनुसार ३३ जनाको शव ढाका मेडिकल कलेज अस्पतालमा र १० जनाको शव ढाकास्थित शेख हसिना नेशनल इन्स्टिच्युट अफ बर्न एन्ड प्लास्टिक सर्जरीमा ल्याइएको छ ।

ढाकास्थित फायर सर्भिस एन्ड सिभिल डिफेन्स हेडक्वाटरका इन्स्पेक्टर अनवारुल इस्लामले सिन्ह्वासँग कुरा गर्दै ४२ जना अचेत अवस्थामा रहेकासहित करीब ७५ जनालाई 'ग्रीन कोजी कटेज सपिङ मल'बाट उद्धार गरिएको र उनीहरूलाई विभिन्न अस्पतालमा लगिएको बताएका छन् ।

इस्लामका अनुसार उद्धारकर्मीले घटनास्थलमा काम गरिरहेका छन् । राति ९:३० बजेतिर आगलागी भएको सूचना पाएपछि दमकल पठाइएको उनले बताए ।

स्थानीय समय अनुसार बिहीवार राति ११:३० बजे १२ वटा दमकल घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएका थिए ।

अधिकारीका अनुसार सात तले भवनमा एउटा रेस्टुरेन्ट, एउटा आउटलेट र अन्य थुप्रै पसल छन् ।

नाम उल्लेख नगर्ने शर्तमा अग्निनियन्त्रणका अर्का एक अधिकारीले आगलागीमा परी घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेकाले मृत्यु हुनेको सङ्ख्या अझै बढ्न सक्ने बताएका छन् ।

शुक्रवार बिहानै आएको टिभी रिपोर्ट अनुसार भवनका केही भागमा शुक्रवार बिहान समाचार तयार पार्दासम्म आगलागी पूर्ण नियन्त्रणमा आउन सकेको छैन । आगलागीको कारण तत्काल खुल्न सकेको छैन । रासस

## लन्डनको अपार्टमेन्टमा आगलागी, ११ जना अस्पताल भर्ना

लन्डन, १८ फागुन/एएफपी

लन्डनको साउथ केन्सिङ्टननजीकैको एक आवासीय भवनमा शुक्रवार बिहानै भएको आगलागीमा परेका ११ जनालाई अस्पताल भर्ना गरिएको छ भने करीब १३० जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

लन्डनको दक्षिण–पश्चिममा रहेको नेचुरल हिस्ट्री म्युजियमनजीकै एम्परर्स गेटमा रहेको अपार्टमेन्टमा आगलागी भएपछि पाएको सूचना लगत्तै १५ वटा दमकल र करीब १०० जना अग्निनियन्त्रकलाई घटनास्थलमा खटाइएको थियो ।

लन्डन फायर ब्रिगेडका अनुसार पाँच तले भवनको भुइँतलाको आधा भाग उनीहरू आइपुग्दा आगोले जलेको थियो ।

उनले भने, "भुइँतलादेखि माथिल्लो तला र छानासम्म आगो फैलिएको छ । दमकल तथा अग्निनियन्त्रकहरूले आगोलाई नियन्त्रणमा लिन कडा मेहनत गरिरहेका छन् ।"

"आगलागीलाई नजीकैका भवनहरूमा फैलनबाट रोक्ने काम भइरहेको छ," घटनास्थलमा रहेका स्टेशन कमान्डर स्टिभ कोलिन्सले भने । पाँचजनालाई भऱ्याङ प्रयोग गरेर उद्धार गरिएको थियो भने करीब १३० बासिन्दालाई घर र वरपरका भवनबाट बाहिर निकालिएको थियो ।

धूवाँको मुस्लोका कारण स्वासप्रश्वासमा समस्या भएका करीब ११ जनालाई उपचारका लागि अस्पताल लगिएको दमकल सेवाले जनाएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – ज्ञानोदय | कर्कट – भयचिन्ता |
| सिंह – विजय | कन्या – भाग्योदय |
| तुला – कान्तिक्षय | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**वीरगंजबाट हराउँदै टाँगा र रिक्शाः** वीरगंजमा कुनै बेला रिक्शा–टाँगाको बोलबाला थियो । अहिले रिक्शासँगै टाँगा पनि शहरबाट हराउँदैछ । मेनरोडमा रिक्शा छिटपुट देखिए पनि टाँगा दुर्लभै देख्न पाइन्छ । ईरिक्शा, अटोको सङ्ख्या बढेसँगै रिक्शा–टाँगा हराउँदै गएका छन् । सोही क्रममा वीरगंजको मेनरोडमा सवारी लिएर गन्तव्यतिर जाँदै गरेको टाँगा । तस्वीरः प्रतीक

## बाघको आक्रमणबाट एकजना घाइते, तीनवटा बाख्रा मऱ्यो

प्रमोद यादव, पंचगावाँ, १८, फागुन/

बाघको आक्रमणबाट पटेर्वासुगौली गाउँपालिका–२ लक्ष्मीपुर बस्ने एकजना घाइते भएका छन् ।

राष्ट्रिय वनजङ्गलबाट मानवबस्तीमा पसेको बाघको आक्रमणबाट २३ वर्षीय सरोजप्रसाद अधिकारी गम्भीर घाइते भएका इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताएका छन् ।

अधिकारीलाई घरनजीक बिहीवार अपराह्न ४ बजे बाघले आक्रमण गर्दा उनको टाउको, हात र शरीरका विभिन्न भागमा घाउ लागेको छ । उनको नारायणी अस्पताल वीरगंजमा उपचार भइरहेको प्रनि केशरीले बताए ।

यसैगरी, बाघको आक्रमणमा परी पटेर्वासुगौली गापा–२ लक्ष्मीपुरमा तीनवटा बाख्राको मृत्यु भएको छ ।



तस्वीरः प्रतीक

जनता सडकको पटेर्वासुगौली–पर्सागढी खण्ड आसपासमा विगत एक महीनादेखि बाघले आतङ्क मचाएको शिक्षक महेन्द्र चौधरी थारूले बताए । एक महीनाअघि वडा नं २ चाफीका एकजना पुरुषको बाघले ज्यान लिएको पनि उनले बताए ।

पर्सा राष्ट्रिय निकुञ्ज र स्थानीय वन डिभिजनले जङ्गली जनावर धपाउन कुनै पहल नगरेको उनले आरोप लगाएका छन् ।

## ज्ञानदामा नेपाली विषयक प्रशिक्षण कार्यक्रम

प्रस, वीरगंज, १८ फागुन/

ज्ञानदा एकडेमीको आयोजनामा नेपाली विषयक एक दिने प्रशिक्षण कार्यक्रम शुक्रवार सम्पन्न भएको छ ।

प्रशिक्षण कार्यक्रममा शिक्षा विभागका निर्देशक डा गणेशप्रसाद भट्टराई र वाल्मीकि क्याम्पसका प्राध्यापक डा देवी नेपालले विद्यार्थीहरूको जिज्ञासाको समाधान गरेका थिए । कक्षामा बालबालिकाहरूको सामूहिक सहभागिता तथा ध्यानाकर्षण गर्न के कस्ता तरीकाहरू अपनाउन सकिन्छ सोबारेमा प्रस्ट पारेका थिए ।



तस्वीरः सौजन्य

उनीहरूले छोटो समयमा रोचक जानकारीहरू दिंदै अहिलेको अवस्थामा आफूलाई समय अनुसार परिमार्जित गर्दै लानुपर्ने र सैद्धान्तिक ज्ञानभन्दा बढी व्यावहारिक र प्रयोगात्मक ज्ञानमा विद्यार्थीहरूलाई लानुपर्नेमा जोड दिए ।

कार्यक्रममा ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण रामप्रसाद पाण्डेले गरेका थिए ।

## बैंकिङ क्षेत्र त्रसित र भयभित छः सिबिफिन

काठमाडौं, १८ फागुन/रासस

बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) ले कर्जा दुरुपयोगको विषयलाई लिएर बैंकका कर्मचारी पक्राउ पर्दा समग्र बैंकिङ क्षेत्र त्रसित र भयभीत बन्न पुगेको बताएको छ ।

सिबिफिनले आज एक प्रेस विज्ञप्ति जारी गर्दै धितो र कर्जा प्रवाहका विषयमा प्रचलित नियम तथा अन्तर्राष्ट्रिय बैंकिङ अभ्यासबारे गहिरो अध्ययन एवं जानकारीविनै बैंकरमाथि धरपकड भएको आरोपसमेत लगाएको छ ।

"धितो र कर्जा प्रवाहका विषयमा सतही जानकारीका आधारमा कुनै पेशाकर्मीलाई दोषी करार भए जसरी नै नियन्त्रणमा लिनुले समग्र बैंकिङ क्षेत्र त्रसित र भयभीत बनेको छ भने समग्र लगानीकर्ता समेत सोचमग्न बनेका छन्"–परिसङ्घले विज्ञप्तिमार्फत भनेको छ, "समग्र अर्थतन्त्रमा नै महत्त्वपूर्ण टेवा पुऱ्याइरहेका बैंकिङ क्षेत्रका कर्मचारीमा परेको मनोवैज्ञानिक त्रासले भोलि राष्ट्रकै भविष्यमा पर्ने असरप्रति गम्भीर बनिदिन आग्रह गर्दछौं ।"

बैंक तथा वित्तीय संस्थाका गतिविधि नियामक नेपाल राष्ट्र बैंकको सूक्ष्म निगरानीमा रहने हुँदा बैंकभित्र कुनै पनि बदमाशी भए तत्काल राष्ट्र बैंकले कारबाई गर्ने गरेको सिबिफिनको दाबी छ ।

"कर्जा प्रवाह गर्दा व्यक्तिगत लाभ हुने र बैंकलाई नोक्सानी हुनेगरी बदमाशी गर्ने सम्बद्ध व्यक्तिविरुद्ध प्रचलित कानून अनुसार कारबाई हुनुपर्दछ र हुँदै आएको पनि छ"–परिसङ्घको विज्ञप्तिमा भनिएको छ–"व्यावसायिक/व्यापारिक कर्जा, पूर्वाधार तथा विकास निर्माणको आयोजनामा ऋण लगानी गर्दा उक्त परियोजनाको सम्भाव्यता, लागत, परियोजनासँग रहेको धितोसम्पत्ति, मौज्दात, आसामीसँग लिनुपर्ने/उठाउनुपर्ने रकम र सम्भावित आम्दानीसम्मलाई मध्यनजर गरेर ऋण लगानी हुने गरेको तथ्य जगजाहेर नै छ ।"

बैंकिङ क्षेत्रमा कर्जा प्रदान गर्नु, कर्जाको अवस्था हेरी सम्भावित जोखिम व्यवस्थापन गर्नु र खराब कर्जा असुलउपर गर्ने कार्य गर्नु सामान्य बैंकिङ प्रक्रिया रहेको हुँदा असल नियतबाट गरिएका कार्यलाई बेवास्ता गर्दै अनाहकमा कारबाईको भागीदार बनाइनु न्यायसङ्गत नहुने सिबिफिनको तर्क छ । यस्ता कार्यले बैंकिङ क्षेत्रका कर्मचारीको सामाजिक जीवन र प्रतिष्ठामा मात्र नभई विनाधितो वा परियोजना धितोमा कर्जा प्रवाह गर्ने अभ्यासमा समेत असर पर्ने उसले जनाएको छ ।



वीरगंज महानगर-४ भगवती टोलस्थित बिकन माविका विद्यार्थीहरूले शुक्रवार विज्ञान प्रदर्शनी गर्दै। तस्वीरः नितेश कर्ण

# शिक्षकलाई विस्थापित नगर्न महासङ्घको अनुरोध

चिरञ्जीवी सापकोटा, ठोरी, १८ फागुन/

नेपाल शिक्षक महासङ्घ पर्साले पर्साका विभिन्न पालिकामा पुगी कार्यरत शिक्षकलाई विस्थापित नगर्न अनुरोध गरेको छ।



तस्वीरः प्रतीक

शिक्षक सेवा आयोगले निमावि तहमा शिक्षक सिफारिश भएको तर पर्सामा १० जना कार्यरत शिक्षकलाई विस्थापित हुनेगरी जिल्ला समन्वय एकाइले नियुक्ति प्रक्रिया अघि बढाएपछि महासङ्घले कार्यरत शिक्षकलाई विस्थापित नगर्न पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखलाई भेटेर अपील गरेको छ।

नेपाल शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव नेतृत्वको शिक्षक टोलीले विभिन्न पालिकामा पुगी अनुरोध गरेको थियो।

पर्सा जिल्लामा १८ वटा निमावि तहमा दरबन्दी रिक्त हुँदाहुँदै १६ जनालाई उक्त रिक्त दरबन्दीमा नियुक्ति गर्न आफूहरूले अनुरोध गरे तापनि समन्वय एकाइ पर्साले १० जना कार्यरत शिक्षकलाई विस्थापित गर्ने गरी नियुक्ति प्रक्रिया अघि बढाएकोले पालिका प्रमुखलगायतका व्यक्तिलाई भेटेर नियुक्ति लिएर आउने व्यक्तिहरूलाई हाजिर नगराउन अनुरोध गरिएको अध्यक्ष यादवले जानकारी दिए।

आफूहरूले शिक्षक सेवा आयोगबाट सिफारिश भएर आएका शिक्षक साथीहरूलाई समेत यस कार्यमा सहयोग गर्न अनुरोध गरेको उनले बताए। तर समन्वय एकाइ पर्साले जबरजस्ती गर्दै हाजिर हुन चिठी थमाएको बताए।

टोलीमा शिक्षक महासङ्घ पर्साका सहअध्यक्ष हरिन्द्र कुर्मी, सचिव विनोद गिरी, नेपाल शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीपकुमार जैसवाललगायतको सहभागिता थियो। टोलीले बहुदरमाई, पर्सागढी, पोखरिया नगरपालिका, पटेर्वासुगौली र ठोरी गापामा पुगेर अनुरोधपत्र बुझाएको थियो।

## प्याज र कपडा बरामद

प्रस, वीरगंज, १८ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छलीको प्याज र कपडा बरामद गरी वीरगंज भन्सार कार्यालयमा बुझाएको छ।

शुक्रवार वीरगंज महानगरपालिका-८ मीनाबजारबाट भारतबाट भन्सार छली भित्र्याएर अनधिकृतरूपमा भण्डारण गरेको १३३ बोरा प्याज प्रहरीले नियन्त्रणमा लिएको छ। प्रहरीलाई देखेपछि प्याज भण्डारण गर्ने व्यवसायी भागेको र बरामद प्याज वीरगंज भन्सारमा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

यसैगरी बिहीवार वीरगंजको १६ ईदगाह चोकबाट प्रहरीले तीन लाख मूल्य बराबरको विभिन्न कपडा बरामद गरेको छ। प्रहरीलाई देखेपछि दुईजना कपडा छाडेर फरार भएको जिप्रका, पर्साले जनाएको छ।

## जङ्गली...

बाघको उद्धारको लागि स्पेशल टोली चितवन राष्ट्रिय निकुञ्जमा रहेको उनले बताए। पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका वाडेन रामचन्द्र खतिवडाले वनजङ्गलमा बाघ हुनु स्वाभाविक भएको तर मानवबस्तीमा क्षति पुऱ्याउन थालेपछि आफूहरू गम्भीर भएको बताए। उनले जङ्गली जनावरबाट जोगिन प्राविधिक टोली राख्नुपर्ने सुझाव दिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | समाज परिवर्तन नेपाल | रक्तदान | घण्टाघर | ७:०० |

## आजभोलि...

आम्दानीभन्दा खर्च बढी छ भने उसले कहिल्यै बचत गर्न सक्दैन। १५/१६ वर्षको बालबालिकाको आम्दानीको स्रोत भने केही छैन। तर उसलाई १० हजारको जुत्ता लगाउनु परेको छ, बाइक चढ्नु परेको छ र आइफोन चलाउनु परेको छ भने उसलाई त्यो फजूल खर्च हो भनेर सिकाउनुपर्छ। उसको हरेक इच्छा पूरा गरिदियो भने उसले पैसाको महत्त्व कहिले बुझ्दैन। त्यसैले कसरी खर्च गर्ने, कसरी आम्दानी गर्ने, कसरी बचाउने र कसरी लगानी गर्ने भन्ने कुरा बच्चालाई सिकाउनैपर्छ।

हिजोआज पढ्नका लागि छोराछोरी शहर गए उनीहरूका सबै आवश्यकता भनेको समयमा पूरा गर्नु हुँदैन। यसो गर्दा उसलाई पैसाको अर्थ थाहा नहुन सक्छ। बालबालिकालाई अभाव महसूस गर्न दिनुपर्छ। जसले उनीहरूलाई काम गर्न तथा कमाउन प्रेरित गर्छ। बाहिर पढिरहेका वा बिहेवारीमा बाँधिएकाहरूलाई आफैं कमाएर घर-व्यवहार चलाउन सिकाउनुपर्छ। यस्तो गर्दा बालबालिकामा जिम्मेवारी बढाउनुका साथै उनीहरू आफैं काम गरेर घर-व्यवहार चलाउन सक्षम हुँदै जानेछन्।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरूसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## नेपालले नामिबियालाई हरायो

काठमाडौं, १८ फागुन/रासस

करण केसीको उत्कृष्ट बलिङमा नेपालले त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृङ्खला अन्तर्गत आज भएको खेलमा नामिबियालाई तीन रनले पराजित गरेको छ।




जितका लागि १८१ रनको चुनौती पछ्याएको नामिबिया निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७७ रनमा समेटियो।

नामिबियालाई अन्तिम ओभरमा जितका लागि १२ रन आवश्यक रहेकोमा नेपालका करण केसीले उत्कृष्ट बलिङ गर्दै नामिबियालाई आठ रन मात्रै दिए। योसँगै अन्ततः नेपालको जीत सुनिश्चित भएको हो। या ीजितसँगै दुई अङ्क जोडेको नेपालले फाइनल खेल्ने सम्भावना प्रबल बनाएको छ।

नामिबियाको यो हारपछि पनि अङ्कतालिकामा भने समान दुई अङ्क नै छ। नेदरल्यान्डसको दुई खेलमा चार अङ्क रहेको छ। नेपाल पहिलो खेलमा नामिबियासँग २० रनले पराजित भएको थियो भने नेदरल्यान्ड्ससँग २ विकेटले पराजित भएको थियो। त्यस्तै नामिबिया हिजो भएको खेलमा नेदरल्यान्ड्ससँग ५९ रनले पराजित भएको थियो।

आजको खेलमा नामिबियाका लागि कप्तान जेजे स्मिथले अर्धशतक प्रहार गरे। उनले २६ बलमा ६ चौका र दुई छक्का प्रहार गर्दै ५० रन जोडेका हुन्। जान फ्रिलिंकले ३७ रन जोडे भने जेपी कोट्जेले २५ र माइकल भान लिङ्गेनले १० रन बनाए। रूबेन ट्रम्पलम्यानले १४ रन जोड्दा जेन ग्रीनले अविजित २३ रन बनाए।

बलिङतर्फ नेपालका करण केसी, सोमपाल कामी र कप्तान रोहित कुमार पौडेलले समान दुई/दुई विकेट लिए भने अविनाश बोहोराले एक विकेट लिए।

त्यस अघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो।

नेपालका लागि कुशल मल्लले अर्धशतक प्रहार गरे। उनले ३७ बल खेल्दै एक चौका र चार छक्काको मदतमा ५५ रन बनाएका हुन्। कुशलले आरिफ शेखसँग पाँचौ विकेटका लागि ८५ रनको साझेदारी गरेका थिए। आरिफले आउट हुनु अघि २४ बलमा चार चौकाको सहायताले ३१ रन जोडे।

त्यस्तै गुलशन झाले १६ बल खेल्दै एक चौका र तीन छक्काको सहायताले २६ रन बनाए भने अनिल शाहले १७ बलमा तीन छक्काको मदतमा २३ रन जोडे। दीपेन्द्र सिंह ऐरी आठ बलमा दुई चौका प्रहार गर्दै १६ रनमा आउट भए। कप्तान पौडेल ९ बलमा दुई चौका प्रहार गर्दै १० रनमा आउट भए। त्यस्तै शुरूआती ब्याट्सम्यान आसिफ शेख एक रनमा आउट हुँदा करण केसीले ७ र सोमपाल कामी २ रनमा आउट भए।

बलिङतर्फ नामिबियाका बेन शिकाङ्गोलले तीन विकेट लिए भने ज्याक ब्रेसलले दुई विकेट झारे। त्यसैगरी बर्नार्ड स्कोल्ज र जान निकोल लोफ्टी इटनले समान एक/एक विकेट लिए। अब नेपालले भोलि नेदरल्यान्डसँग खेल्नेछ।

## विश्वकप छनोट : प्रारम्भिक चरणमा ३३ खेलाडी छानिए

काठमाडौं, १८ फागुन/रासस

फिफा विश्वकप-२०२६ एशियाली छनोट अन्तर्गत बहराइनविरुद्ध खेलका लागि नेपालले आज ३३ खेलाडीलाई प्रारम्भिक चरणमा छनोट गरेको छ।

नेपाली राष्ट्रिय फूटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसले बहराइनविरुद्ध आगामी चैत ८ र १४ गते हुने दुई खेलका लागि प्रारम्भिक चरणमा ३३ खेलाडी छनोट गरेका हुन्। नेपालले आगामी चैत ८ गते घरेलु मैदानमा खेल्नेछ भने चैत १४ गते बहराइनमा खेल्ने तालिका छ।

छनोट हुने नेपाली टोलीको गोलकीपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र दीप कार्की छन्। रक्षकमा अजय चौधरी, अनन्त तामाङ, सुमित श्रेष्ठ, योगेश गुरुङ एन्जल महर्जन, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, दीपेन्द्र विक, रोहित चन्द र सनिस श्रेष्ठ छन्।

मिडफिल्डरमा एरिक विष्ट, मनीष डाङ्गी, रोहन कार्की, विशाल तामाङ, कृतिशरत्न छुन्जु, लाकेन लामा, मणिकुमार लामा, सन्तोष खत्री, सुरज जिउ ठकुरी र उत्सव राई छन् भने स्ट्राइकरमा अञ्जन विष्ट, आयुष घलान, दिनेश हेम्जन, जिलेस्पीजङ्ग कार्की, हिसुब थपलिया, राजेश परियार, समीर तामाङ, र सञ्जीव विष्ट छन्।

## वाफ महिला च्याम्पियनसिप : नेपाल फाइनलमा जोर्डनसँग टाइब्रेकरमा पराजित

काठमाडौं, १८ फागुन/रासस

वेस्ट एशियन फूटबल महासङ्घ (वाफ) महिला च्याम्पियनसिपको फाइनल खेलमा नेपाल जोर्डनसँग पराजित भएको छ। केही बेर अघि साउदी अरबको जेद्दास्थित प्रिन्स अब्दुल्लाह अल फैजल स्पोर्ट्स सिटी स्टेडियममा सम्पन्न फाइनल खेलमा नेपाल जोर्डनसँग टाइब्रेकरमा ५-३ गोलले पराजित भएको हो। जोर्डन छैटौंपटक उपाधि जित्न सफल भएको छ। नेपाल पहिलो सहभागितामैं उपविजेता बनेको हो।



टाइब्रेकरमा जोर्डनकी आय अल मजालीले गोल गरेपछि नेपालका लागि गीता रानाले बराबरी गोल गरिन्। त्यसपछि जोर्डनकी कप्तान मायसा बराहले गोल गर्दा नेपालकी दिपा शाहीले पनि गोल गरिन्। त्यसपछि जोर्डनको लगातार दुई प्रहार गोलमा परिणत भएको थियो तर नेपालकी हीरा भुजेलले गोल गरे पनि अमृता जैशीले भने गोल गर्न सकिनन्। जोर्डनको पाँचौ प्रहार गोल भएसँगै नेपाल पराजित हुन पुग्यो। त्यस अघि खेलको मध्यान्तरसम्म नेपालले १-० गोलको अग्रता बनाएको थियो। नेपालका लागि सविता राना मगरले खेलको २९ औं मिनेटमा गोल गरेकी थिइन्। अनिता बस्नेतको स्थानमा खेलिरहेकी सविताले नेपालका लागि पहिलो गोल गर्न सफल भएकी थिइन्।

त्यस्तै खेलको ७४औं मिनेटमा जोर्डनकी लाना फेरासले गोल गर्दै खेललाई एक एक गोलको बराबरीमा ल्याइन्। त्यसपछि खेलको ८९औं मिनेटमा जोर्डनले खेलमा दोस्रो गोल गऱ्यो। जोर्डनका लागि साराह अबु साबाहले गोल गरिन्। तर खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा पेनाल्टीमा नेपालकी गीता रानाले गोल गरेपछि खेल २-२ को बराबरीमा पुगेको थियो। जोर्डनकी जबाराहले बक्समा बल ह्यान्ड गरेपछि नेपालले पेनाल्टी पाएको थियो।

यस अघि नेपालले सेमिफाइनलमा लेबनानलाई २-१ गोलले हराउँदै जोर्डनसँग फाइनल भेट पक्का गरेको हो। जोर्डन प्यालेस्टिनलाई ५-० गोल अन्तरले हराउँदै फाइनलमा पुगेको हो। फिफा वरीयतामा नेपाल एक सय पाँचौं स्थानमा छ भने जोर्डन ७४ औं स्थानमा छ।

## द क्लिफमा प्रहरीका प्रशिक्षार्थीको 'बञ्जी जम्प'

काठमाडौं, १८ फागुन/रासस

प्रहरी विशेष कला तथा कारबाई (कमान्डो) तालीम अन्तर्गत नवौं समूहमा तालीमरत ११४ प्रशिक्षार्थी प्रहरीहरू बञ्जी जम्प गर्न कुश्मास्थित द क्लिफ पुगेका छन्। बिहीवारदेखि शुरू बञ्जी जम्प शनिवारसम्म चल्नेछ।

बिहीवार १२ जनाले जम्प गरेका छन् भने बाँकीले आज र भोलि जम्प गर्नेछन्। प्रहरी नायब उपरीक्षक हरिप्रसाद पौडेलको संयोजनमा प्रहरीहरू बञ्जी जम्प पुगेको महाविद्यालयका प्राचार्य प्रहरी वरिष्ठ उपरीक्षक भोलाबहादुर रावलले जानकारी दिए। यस अघि पनि प्रहरीका दुई समूहले फरक-फरक समयमा द क्लिफमैं बन्जी गरेका थिए। क्लिफका अध्यक्ष राजु कार्कीले नेपाल प्रहरीको तालीमको हिस्सा बन्न पाउँदा खुशी भएको बताए।